म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ७४ आइतबार ४ कात्तिक २०८१ ने. सं. ११४४ कौलागा 20 October 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

चाडपर्वलाई पारिवारिक भेटघाटको अवसरका रुपमा प्रयोग गरौं,
हाम्रो सांस्कृतिक पर्वहरुको जगेर्ना गरौं,
चाडपर्वमा अनावश्यक खर्च नगरौं,
मद्यपान र जुवातास जस्ता विकृतिको अन्त्य गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# महिलामाथि सामूहिक बलात्कार आरोपमा श्रीमान पक्राउ, दुई किशोर फरार

साझाकुरा संवाददाता

हेटौंडा, ३ कात्तिक/ मकवानपुरको पश्चिमी क्षेत्र मनहरी गाउँपालिकामा ५० वर्षीया महिला माथि सामूहिक बलात्कारको घटना भएको छ ।

घटना ३० असोज राती पीडित महिलाको घरमै भएको प्रहरीले जनाएको छ । पीडित महिलाले घटना भएको भोलीपल्ट अर्थात १ कार्तिकमा जिल्ला प्रहरी कार्यालय मकवानपुरमा उजुरी दिएकी छन् । उनको उजुरीको आधारमा उनका ६० वर्षीया श्रीमान पक्राउ परेका छन् । पीडित महिलाले श्रीमानसहित अन्य दुई जना किशोर गरी ३ जनाले सामूहिक बलात्कार गरेको आरोप लगाएकी छन् ।

३० असोजमा मनहरी गाउँपालिका-५, स्थित आफ्नै घरमा महिलामाथि उनका श्रीमान र दुई किशोरले सामूहिक बलात्कार गरेको उजुरी परेको मकवानपुरका प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिए । पीडित महिलाले ३० असोज रातको समयमा



६० वर्षीय श्रीमान र १९, २० वर्षका दुई किशोरले आफूमाथि सामूहिक बलात्कार गरेको उजुरीमा बताएको आर्यलले जनाए ।

प्रहरीले श्रीमानलाई १ कार्तिकमा पक्राउ गरेर शुक्रबार मकवानपुर जिल्ला अदालतबाट ५ दिनको म्याद थप गरेको छ । आरोपित दुई किशोर भने फरार रहेका छन् । डिएसपी अर्यालका अनुसार पीडित महिलाले दुई किशोरको अन्दाजी उमेर १९ र २० वर्ष हुनसक्ने बताए पनि पहिचान गर्न नसकेको बताएकी छन् । आरोपित श्रीमानले भने दुई किशोर नरहेको बयान दिएको अर्यालले जानकारी दिए ।

'महिलाले श्रीमानसहित दुई जना किशोरले बलात्कार गरेको बताउनुभएको छ । किशोरहरुलाई आफू नचिन्ने उहाँले बताउनु भएको छ । दोषि पत्ता लगाउन हामीले घटनाको सुक्ष्म अनुसन्धान गरिरहेका छौं ।' डिएसपी अर्यालले भने । पीडित महिलालाई हेटौंडास्थित महिला सेफ हाउसमा राखिएको छ । उनको स्वास्थ्य अवस्था ठिक रहेको डिएसपी अर्यालले बताए । उनका अनुसार पीडित महिलाले ३ वर्ष अघि मात्रै दोस्रो विवाह गरेकी थिइन् ।

प्रहरीका अनुसार बलात्कृत महिलाले तीन वर्षअघि अर्को पुरुषसँग सम्बन्ध विच्छेद गरेर विवाह गरेकी थिइन् । मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ मा बलात्कारका दोषीलाई कठोर सजायको व्यवस्था गरिएको छ । कानुनमा १० वर्षभन्दा कम उमेरकी बालिका, पूर्ण अशक्त, अपांगता भएका वा ७० वर्षभन्दा बढी उमेरका महिलालाई बलात्कार भए जन्मकैदको सजाय हुने व्यवस्था छ ।

१० वर्षदेखि १४ वर्षसम्मकालाई बलात्कार गरे १८ देखि २० वर्षसम्म कैद, १४ देखि १६ वर्षसम्मका किशोरीलाई बलात्कार गरे १२ देखि १४ वर्षसम्म कैद, १६ देखि १८ वर्षकालाई बलात्कार गरेमा १० देखि १२ वर्षसम्म कैद र १८ वर्षमाथिकालाई बलात्कार गरे ७ देखि १० वर्षसम्म कैद सजाय हुने व्यवस्था छ । यसबाहेक वैवाहिक सम्बन्ध कायम रहेको अवस्थामा पनि पत्नीलाई जबर जस्ती करणी गरेमा ५ वर्षसम्म कैद सजाय हुने व्यवस्था छ ।

# बागमती प्रदेशबाट लाइसेन्स सम्बन्धी नयाँ व्यवस्थाको परीक्षण गरिँदै

साझाकुरा संवाददाता

हेटौंडा, ३ कात्तिक/ सवारीसाधन चलाउनका लागि ट्रायल पास गरेपछि अब लाइसेन्स (चालक अनुमति पत्र) कार्ड साथमा बोकेर हिँड्न आवश्यक नपर्ने व्यवस्था लागू गरिने भएको छ ।

यो नियम आज आइतबार बागमती प्रदेशबाट परीक्षणको सुरुवात गरिने प्रधानमन्त्री केपी शर्मा ओलीले घोषणा गरेका छन् । प्रधानमन्त्री ओलीले सवारी चालक अनुमतिपत्रका लागि ट्रायल पास गरेपछि अब लाइसेन्स कार्ड आवश्यक नपर्ने व्यवस्था गरिएको जनाएका हुन् । नागरिक एप मार्फत सम्बन्धित व्यक्तिको मोबाइलमा लाइसेन्स उपलब्ध हुने उनको भनाइ छ ।

सवारी नियम उल्लंघनमा ट्राफिक प्रहरीले चिट काट्दा सम्बन्धित ठाउँमै डिजिटल पेमेन्ट गर्ने व्यवस्था गरिएको समेत उनले सामाजिक सञ्जाल फेसबुकमार्फत जनाएका छन् । 'यसले सवारी लाइसेन्स छपाइ नहुँदा परेको समस्या अन्त्य भएको छ भने सवारी नियम उल्लंघनमा जरिवाना तिर्दा हुने झन्झट हटेको छ', प्रधानमन्त्री ओलीले भनेका छन् ।

आइतबारदेखि बागमती प्रदेश यातायात व्यवस्था कार्यलयबाट परीक्षणका रुपमा यो व्यवस्था सुरु हुने उनले जानकारी दिए । यस्तै



नागरिक एपमा अरु सेवा पनि थप्ने तयारी गरिएको ओलीको भनाइ छ । 'कुनै पनि कामको लागि लाइन बस्नु पर्ने समस्याबाट मुक्त गर्ने तयारीमा हामी लागेका छौं,' उनले भने, 'राज्यले नागरिकलाई छिटो सेवा प्रवाहमा यसले सहयोग पुग्नेछ भन्ने हामीले आशा राखेका छौं ।'

नागरिक एपमा नयाँ अपडेट आएसँगै ड्राइभिङ लाइसेन्स साथमा बोक्नुपर्ने बाध्यता हटाउने सुविधा थपिएको हो । नयाँ अपडेटसँगै नागरिक एपमा रहेको ड्राइभिङ लाइसेन्स (सवारी चालक अनुमतिपत्र) भित्र जाँदा तपाईंको सवारी चालक अनुमतिपत्रको फोटोसँगै एउटा क्यूआर कोड समेत देख्न सक्नु हुनेछ । सो क्यूआर कोड स्क्यान गरी ट्राफिक प्रहरीले तपाईंले देखाएको लाइसेन्स आधिकारिक हो वा होइन भन्ने कुरा यकिन गर्न सक्नेछन् ।

नागरिक एपले यातायात व्यवस्था विभागको सिस्टममा रहेको रेकर्ड यसरी देखाउने गर्छ । यसका लागि नेपाल प्रहरीको एपमा क्यूआर स्क्यानर समेत राखिएको छ । सो स्क्यानरबाट मात्रै नागरिक एपको ड्राइभिङ लाइसेन्स सम्बन्धी क्यूआर स्क्यान गर्न सकिने बताइएको छ । ड्राइभिङ लाइसेन्सको हार्ड कपी बोक्नुपर्ने बाध्यताको अन्त्य गर्ने सरकारको योजना असोज पहिलो हप्ताबाट पूरा भएको हो ।

अब सवारी चालकहरुले यातायात व्यवस्था विभाग तथा कार्यालयहरूबाट वर्षौंसम्म स्मार्ट लाइसेन्सको पर्खाईमा बस्नु समेत पर्ने छैन । यस बाहेक स्मार्ट लाइसेन्सको प्रिन्ट उपलब्ध गराउन नसकेको सरकारले राष्ट्रिय परिचय पत्रमै ड्राइभिङ लाइसेन्सको विवरण राख्ने र त्यसैबाट यकिन गर्ने प्रबन्ध समेत मिलाइरहेको छ ।

# आज दशैंको टिका लगाउँदै थाहाका नेवार समुदाय



साझाकुरा संवाददाता

हेटौंडा, ३ कात्तिक/ मकवानपुरको उत्तरी क्षेत्रस्थित थाहा नगरपालिका-१० को टौखल, न्हुलगाउ, क्लाटु विसिंखेलका नेवारी समुदायले आज आइतबार विजया दशमी (दशैं)को टिका लगाउँदै छन् ।

यस बर्षको बडा दशैंको टिका ४ कार्तिकमा लगाइने भएको छ । स्थानीय अम्मे जात्रा (चम्पाकेश्वर महादेव जात्रा) का कारण यसपाली दशैंको टिका कार्तिक ४ गते लगाईन भएको हो । विशेषत नेवारी समुदायले कुनैपनि जत्रा पर्व मनाउनु ८ दिन अघि आगन राख्ने चलन अनुसार असोज २३ गते चम्पाकेश्वर महादेवको अम्वे जात्राको लागि आगन रखिएपछि दशै पछि सारिएको हो ।

कुनैपनि जात्रा मेलाको लागि आगन राखिसकेपछि अन्य देवदेवताको पुजा गर्न नहुने नेवारी परम्पराको कारण दशैको दुर्गा पुजा पछि सारिएको थियो । अम्वे जात्रा सुर्यमासको आधारमा प्रत्यक वर्षको कार्तिक १ गते मनाईन्छ । दशैं चन्द्रमास अनुसार आश्विन शुक्ल पक्षमा मनाईन्छ । चन्द्रमास अनुसमर मलमास र क्षयमासस परेको आसपासको बर्षहरुमा यस्तो हुन जान्छ ।

यस बर्षपनि विजय दशमीको टिका चम्पाकेश्वर महादेवको अम्वे जात्राको आगान राखिसकेपछि परेको कारण दशै पछि मनाईएको हो । अव यस क्षेत्रमा बसोबास गर्ने गोपाली र गमाल समुदायको दशै २ गते अष्टमी, ३ गते नवमी र ४ गते विजय दशमी मानेर मनाईन्छ ।

यस क्षेत्रमा बसोबास गर्ने गोपाली र गमाल समुदायका नेवारहरुले चम्पाकेश्व महादेवलाई आफ्नो कुल देवता मानेर ८ दिन अघिदेखि आगन राखेर दशैं जस्तो ठुलो पर्वसमेत नमानेर सुद्ध साहाकारी खाएर विशेष रुपले अम्वे जात्र मान्ने चलन परापूर्व कालदेखि चल्दै आएको स्थानीयहरु बताउँछन् ।

# मकवानपुरमा छुटेका बालबालिकालाई भिटामिन र जुकाको औषधी निरन्तर दिइने

साझाकुरा संवाददाता

हेटौंडा, ३ कात्तिक/ मकवानपुरमा बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधी खुवाउने दुई दिने अभियान सकिएको छ । जिल्ला जनस्वास्थ्य कार्यालयले २ र ३ कार्तिकमा यो अभियान चलाएको थियो ।

जिल्लामा करिब ३२ हजार दुई सय बयालिस जना बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधी खुवाउन अभियान चलाइएको जनस्वस्थ्य कार्यालयका अधिकृत तथा सूचना अधिकारी लक्ष्मण घिमिरेले जानकारी दिए । दुई दिनमा कति बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधी खुवाइयो भन्ने एकीकृत तथ्यांक आइनसकेको बताउँदै घिमिरेले अभियानबाट छुटेकालाई निरन्तर लगाइने जानकारी दिए ।

जनस्वास्थ्य कार्यालयले वर्षमा दुई पटक अर्थात ६-६ महिनामा अभियान चलाउने गरेको छ । महिला स्वयमसेविकाहरुले अभियान चलेपछि छुटेकाहरुलाई पनि लगाएपछि मासिक रिपोर्ट बुझाउने बेला तथ्यांक प्राप्त हुने घिमिरेले जानकारी दिए । भिटामिन 'ए' खाने ६ देखि ५९ महिना उमेरसम्मका



२९ हजार १ सय २२ जना बालबालिकालाई जुकाको औषधी खुवाइने अभियान थियो । एक वर्षदेखि ५ वर्षसम्मका बालबालिकालाई जुकाको औषधी खुवाउने लक्ष्य राखिएको थियो ।

मकवानपुर जिल्लाका १० वटा पालिकामध्ये सबैभन्दा बढी हेटौंडा उपमहानगरपालिकामा १२ हजार ६ सय ६३ जना बालबालिकालाई भिटामिन 'ए' क्याप्सुल, ११ हजार ४ सय ५३ जना बालबालिकालाई जुकाको औषधि खुवाइने लक्ष्य कार्यालयले लिएको थियो । सबैभन्दा कम इन्द्रसरोवर गाउँपालिकाका ७ सय ८८ बालबालिकालाई भिटामिन 'ए' क्याप्सुल र ७ सय ११ बालबालिकालाई जुकाको औषधि खुवाइने अभियान थियो ।

भिटामिन 'ए' र जुकाको औषधी खुवाउन जिल्लाभर ४ सय ७२ जना महिला स्वास्थ्य स्वयम्सेविका परिचालन गरिएको थियो । जसमध्य हेटौंडा उपमहानगरपालिकामा ९२, मनहरी गाउँपालिकामा २१, राक्सिराङ गाउँपालिकामा ३८, कैलाश गाउँपालिकामा ४२, भीमफेदी गाउँपालिकामा ४९, बागमती गाउँपालिकामा ३३, बकैया गाउँपालिकामा ६६, मकवानपुरगढी गाउँपालिकामा ४०, इन्द्रसरोवर गाउँपालिकामा ३७ र थाहा नगर पालिकामा ५४ जना स्वयंसेविका परिचालन गरेर अभियान चलाइएको थियो ।

# सिस्नुपानी मकवानपुरले हाँस्यव्यंग्य देउसीभैलो कार्यक्रम गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, ३ कात्तिक/ सिस्नुपानी नेपाल मकवानपुरले शुभदिपावलीको अबसरमा कार्तिक १० गते हाँस्यव्यंग्य देउसीभैलो कार्यक्रम आयोजना गर्ने भएको छ । सिस्नुपानीले हरेक वर्ष तिहारमा हाँस्यव्यंग्य देउसीभैलो कार्यक्रम गर्दै आएको छ ।

सिस्नुपानी नेपाल मकवानपुरका अध्यक्ष सम्प्रस पौडेलले नेपाली मौलिक संस्कृतिको जगेर्ना गर्नुका साथै देशमा भएका विकृति, विसंगतिलाई उजागर गर्ने उद्देश्यले कार्यक्रम गर्न लागिएको बताए । हास्यव्यंग्य देउसीभैलो कार्यक्रमको लागि कार्तिक ३ गतेबाट आफ्नो भवनमा रियलसनको कार्य सुरु गरेको उनले जानकारी दिए ।

हेटौंडा उपमहानगर पालिकाको विशेष सहयोगमा हेटौंडाको रोयल पार्टी प्यालेसमा हुने कार्यक्रममा हास्यव्यंग्य कमेडी प्रहर्सन, प्यारोडिक गित, खैचेडी भजन, सांस्कृतिक झल्कने देउसीभैलो लगायतको प्रस्तुती रहने आयोजक सिस्नुपानीले जनाएको छ ।

# रवि पक्राउ परेपछि रास्वपा मकवानपुरको जिल्ला अधिवेशन स्थगित

साझाकुरा संवाददाता

हेटौंडा, ३ कात्तिक/राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को मकवानपुर जिल्ला अधिवेशन स्थगित भएको छ । पार्टीका सभापति रवि लामिछाने सहकारी ठगी अभियोगमा पक्राउ परेपछि जिल्ला अधिवेशन स्थगित भएको एक नेताले जानकारी दिए ।

६ कार्तिकमा हेटौंडा-४ स्थित एक पार्टी प्यालेसमा अधिवेशनको तयारी गरिएको थियो । अधिवेशनको प्रमुख अतिथिका रुपमा रवि लामिछानेलाई आमन्त्रण गरिएको थियो । तर रवि शुक्रबार साँझ पार्टी केन्द्रीय कार्यालयबाट पक्राउ परी शुक्रबार नै पोखरा लगिएको थियो । यससँगै रास्वपाले मकवानपुरसहित अन्य जिल्ला अधिवेशनहरु तत्लकालाई स्थगित गरेको जनाएको छ ।

गत बिहीबारदेखि रास्वपाले जिल्ला भेला सुरु गरेको थियो । रास्वपाले विकसित राजनीतिक घटनाक्रमका कारण भन्दै जिल्ला अधिवेशन स्थगित गर्न सर्कुलर गरेको छ । र, पार्टी सभापति पक्राउको विरोध गर्न जिल्ला सदरमुकाम केन्द्रित कार्यक्रम गर्न निर्देशन दिएको छ । 'राजनीतिक प्रतिशोध साँधेर सरकारले दोषीलाई च्याप्ने निर्दोषलाई न्याक्ने गरी अराजनीतिक कदम चालेको विरोधमा भोलि देशैभर जिल्ला सदर मुकाम केन्द्रित कार्यक्रम आयोजना गर्न समेत यसै सूचना मार्फत अनुरोध गर्दछौं,' कार्यबहाक महामन्त्री कविन्द्र बुर्लाकोटीले जारी गरेको सूचनामा उल्लेख छ ।

# दशैंमा हेटौंडा मामाघर आएका मानन्धर मृत फेला

साझाकुरा संवाददाता

हेटौंडा, ३ कात्तिक/ दशैंमा हेटौंडास्थित आफन्तको घरमा आएका काठमाडौंका एक व्यक्ति होटेलमा मृत भेटिएका छन् । मृत भेटिनेमा काठमाडौं महानगरपालिका-७ चावहिल घर भएका ४७ वर्षीय अजय मानन्धर छन् ।

मानन्धर हेटौंडा उपमहानगरपालिका-२ स्थित पल्पसा प्याराडाइज होटेलमा शक्रबार मृत फेला परेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । मानन्धर २७ असोजदेखि होटेलको ४०५ नम्बर रुममा बस्दै आएको खुलेको प्रहरीले जनाएको छ । प्रहरीको भनाइ अनुसार उनी दशैंमा टीका लगाउन हेटौंडास्थित मामाघर आएका थिए ।

मानन्धर यसअघि पनि हेटौंडा आवतजावत गरिरहँदा सोही होटेलमा बस्ने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले बताए । शुक्रबार साथीहरुले फोन गर्दा नउठाएपछि होटेलको ढोका खोलेर हेर्दा मानन्धर मृत अवस्थामा फेला परेको डिएसपी भण्डारीले जनाए । घटनाको थप अनुसन्धान भइरहेको उनको भनाइ छ । मृतक अजयको शव हेटौंडा अस्पतालको शव गृहमा राखिएको छ ।

आकर्षक जग्गा बिक्रीमा

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाङडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कट्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. ९८४५४६१०३४

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

# उद्देश्यअनुरुप सहकारी सञ्चालन आवश्यक

सहकारी हुनलाई सहकार्यमा सबैको उद्देश्य एक हुनुपर्छ । तर, एउटै उद्देश्य भन्दैमा राजनैतिक कार्यकर्ताहरुले संस्था गठन गरेर सहकारी संस्थालाई राजनैतिक मञ्चको रुपमा उपयोग गर्ने, एउटा डाक्टरले प्रवेश गरेर आफ्नो क्लिनिकमा सबै सदस्यहरु बोलाएर आफ्नो आम्दामी बढाउने, ठगहरु मिली संस्था गठन गर्ने र छद्म प्रवृत्तिका व्यक्तिहरु पसेर सदस्यको बचत लिएर कुलेलम ठोक्ने व्यक्तिहरुर समूहहरुको बीच एकै उद्देश्य हुने भएपनि त्यस्तो सहकार्य सहकारी मूल्य विपरीत हुने भएकोले सहकारी हुनै सक्दैन । व्यापारी र किसानबीच एउटै उद्देश्य नहुन सक्छ । त्यसैले उद्देश्य एकै हुनलाई पेशागत समानता, पूँजीगत समानता, सोचाई र दृष्टिकोणमा समानता जस्ता पक्षहरु महत्वपूर्ण मानिन्छन् । सहकार्य सहकारीको मूल्य मान्यता, सिद्धान्त र मर्मअनुरुपको हुन सक्छ ।

हाल नेपालमा बचत तथा ऋण, बहुउद्देश्यीय, दुग्ध, कृषि, स्वास्थ्य, सञ्चार, शिक्षा, उपभोक्तालगायत सहकारी संस्थाहरु दर्ता भएर सञ्चालनमा छन् । तर, विशेष उद्देश्य राखेर सहकारी दर्ता गरिए तापनि संस्थाको प्रमुख गतिविधिमा बचत संकलन गर्ने र ऋण प्रवाह गर्ने पर्दै आएको छ । जुन उद्देश्य लिएर सहकारी संस्था दर्ता गरिएको हो, त्यो उद्देश्य पूरा गर्नको लागि सोही उद्देश्यअनुरुप काम गर्नु अपरिहार्य छ । सहकारी संस्थाहरु स्थानीय तहको मातहत आएका छन् । अब सहकारी नियमन गर्नको लागि उद्देश्यअनुरुप सहकारी सञ्चालन गराउन स्थानीय तहले प्रभावकारी कदम चाल्नु पर्दछ । कृषि सहकारीले कृषि प्रबर्द्धन नगर्ने, दुग्ध सहकारीले दूध उत्पादन बढाउने र कृषकलाई प्रोत्साहन नगर्ने, उपभोक्ता सहकारीले उपभोग्य बस्तु उत्पादन र बजारीकरण नगर्ने जस्ता उद्देश्यमूलक ढंगले नचल्दा सहकारीबाट हुनुपर्ने प्रगति नभइरहेको स्पष्ट छ ।

अब सहकारी संस्थालाई एकीकरण गर्ने मुद्दा उठिरहँदा सहकारीको उद्देश्यहरुलाई मिलाएर एकीकरण गर्दै उत्पादनमूलक क्षेत्रमा लगानी बढाउने बेला भएको छ । स-साना सहकारी संस्थाहरुमा जम्मा भएर बसेको जनताको धेरै ठूलो धनराशि उपलब्धिहीन अवस्थामा छ । सहकारीमा रहने सञ्चित कोष, तरलतालगायत पूँजीलाई उत्पादनमूलक कार्यमा प्रयोग गर्न सके देशमा रोजगारीको प्रबर्द्धन गर्न पनि सकिन्छ । स-साना बस्तु उत्पादनमा सहकारीहरु लाग्न सके त्यसले पूँजी प्रबर्द्धनमा पनि टेवा पुग्ने देखिन्छ । त्यसैले सहकारीहरुलाई उद्देश्यअनुरुप सञ्चालन गर्दै उत्पादनमूलक क्षेत्रमा जोड्न ढिला गर्नु किमार्थ हुँदैन ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९११४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ कात्तिक ५ गते सोमबार ५ अक्टोबर २०२४ । चतुर्थी, कात्तिक कृष्णपक्ष । कौलागा ११४४ ने.सं. । सूर्योदय ६:०८, सूर्यास्त ५:२७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : परिवारमा कलह | तुला | : मानसिक अशान्ति |
| वृष | : यात्रामा बाधा | वृश्चिक | : कार्यमा ढिलाइ |
| मिथुन | : काममा सफलता हात पर्ने | धनु | : मांगलिक कार्य सम्पादन |
| कर्कट | : अपजस पाइने | मकर | : उपचारमा खर्च बढ्ने |
| सिंह | : बौद्धिक कार्यमा बाधा | कुम्भ | : मानमर्यादाको वृद्धि |
| कन्या | : व्यवसायमा विवाद | मीन | : नवीन कार्ययोजनामा लगानी |

# मानवताका लागि जलविद्युत् विकास



प्रबल अधिकारी

केही दिनअघि मात्र ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालयले सन् २०३५ सम्मका लागि तयार पारेको ऊर्जा विकास मार्गचित्र तथा कार्ययोजना सम्माननीय प्रधानमन्त्रीसमक्ष प्रस्तुत गरेको थियो । उक्त मार्गचित्रमा देशभित्र लाखौं हरित रोजगारी सिर्जना गर्ने र जीवाष्म इन्धनलाई विस्थापित गर्दै कार्बन उत्सर्जन न्यूनीकरण गर्ने योजना समेटिएको छ ।

त्यस्तै, आन्तरिक विद्युत् खपत वृद्धि गर्दै विद्युत् निर्यातबाट मात्रै वार्षिक डेढ अर्ब अमेरिकी डलरभन्दा बढी विदेशी मुद्रा आर्जन गरी वार्षिक ५ खर्ब नेपाली रुपैयाँ भन्दा बढीको आन्तरिक तथा अन्तरदेशीय विद्युत् व्यापार गर्ने विषय पनि समावेश छ । साथै, सन् २०३५ सम्ममा मात्रै करिब ८८ अर्ब विद्युत् बिक्रीबाट राजस्व स्वरूप जम्मा हुने र राज्यलाई करिब १०० खर्ब बराबरको संरचना अनुमतिपत्रको अवधि समाप्त भएपछि मुफ्तमा प्राप्त हुने उक्त मार्गचित्र भनेकै स्वच्छ ऊर्जा रूपान्तरणको मार्गचित्र हो ।

अन्य शब्दमा यसलाई जलवायु परिवर्तनको हाम्रो अन्तर्राष्ट्रिय प्रतिबद्धता पूरा गर्ने दिशामा पहाडदेखि सागरसम्मको अभियानको एक हिस्साका रूपमा मानवताका लागि नेपालले अघि सार्न लागेको एक प्रयासको रूपमा बुझ्न सकिन्छ । सन् २०३५ सम्मको उक्त मार्गचित्रको कार्यान्वयनका लागि जम्मा ४६.५ अर्ब अमेरिकी डलरको धनराशि जुटाउनुपर्ने हुन्छ । यसका लागि कानूनी तथा नीतिगत सुधार, संस्थागत एवं प्रशासनिक सुधार र ऊर्जा पूर्वाधार विकास गर्नुपर्छ । साथै, विद्युत् व्यापार एवं बजार व्यवस्थापनका माध्यमबाट आर्थिक वृद्धिदर ७.२ प्रतिशतलाई आधार मानी आन्तरिक विद्युत् मागका लागि १३ हजार ५०० मेगावाट र भारत, बंगलादेश, चीन लगायतका छिमेकी देशहरूमा निर्यातका लागि १५ हजार मेगावाट गरी न्यूनतम कुल २८ हजार ५०० मेगावाट जलविद्युत् उत्पादन गर्ने लक्ष्य नेपालले लिएको छ ।

नेपाल सौर्य विद्युत्का लागि पनि राम्रो सम्भावनाको देश भएकाले ठूलो परिमाणमा त्यसतर्फ समेत नेपालले नवीकरणीय ऊर्जा उत्पादनमा सफलता हासिल गर्न सक्छ । कर्णाली चिसापानी, पञ्चेश्वर, सप्तकोशी जस्ता ठूला जलविद्युत् आयोजनाहरू २८ हजार ५०० मेगावाट लक्ष्यभन्दा बाहिर नै छ । नेपालले उक्त लक्ष्यभन्दा धेरै बढी विद्युत्का लागि संरचना निर्माण र बजार विस्तारको तयारीमा सबै चुनौतीलाई पन्छाउँदै अहिलेदेखि नै लाग्नुपर्छ ।

नेपालले सन् २०४५ सम्ममा कार्बन उत्सर्जनलाई खूद शून्यमा झार्ने अन्तराष्ट्रिय प्रतिबद्धता जनाएको छँदैछ । यही सन्दर्भमा जलवायु परिवर्तनको तीव्र जोखिममा विश्व नै परिसकेको अवस्थालाई आत्मसात गर्दै हाम्रा हिमाल र त्यसैका सन्ततिका रूपमा रहेका जलस्रोतलाई बचाउन आफ्नै कार्ययोजना मार्फत होस् वा अन्तर्राष्ट्रिय सहकार्य मार्फत होस् अभियानकै रूपमा अघि बढ्नुपर्ने आवश्यकता छ ।

हिमालमा हिउँको परिमाण 'ग्लेसियल रिट्रिट' बाट घटिरहेको छ र सुख्खा यामका महिनाहरूमा नदीनालामा पानीको बहाब अनपेक्षित ढंगले घट्दै गइरहेको छ । त्यस्तै अतिवृष्टि, अनावृष्टि, हिमताल फुट्दा जाने पहिरो, बाढी पहिरो जस्ता जलवायु परिवर्तनका कारण उत्पन्न प्राकृतिक प्रकोपहरूको सामना गर्न हाम्रो ऊर्जा प्रणालीको लचकतालाई प्राथमिकता दिनैपर्छ ।

सन् २०२२ को ऊर्जा मिश्रणको परिदृश्यलाई नियाल्दा नेपालमा बायोमास ६४ प्रतिशत, जीवाष्म इन्धन २८.५ प्रतिशत र विद्युत् ५ प्रतिशत मात्र प्रयोग भइरहकोमा आन्तरिक विद्युत् खपतका लागि १३ हजार ५०० मेगावाट अर्थात् ऊर्जा मिश्रणको करिब ५९ प्रतिशत विद्युत् प्रयोग गर्न सकिएमा सन् २०३५ सम्ममा नेपालले उक्त २८.५ प्रतिशत जीवाष्म इन्धनलाई प्रतिस्थापन गरी बायोमासको अत्यधिक प्रयोगलाई समेत करिब ३९ प्रतिशतमा झार्न सक्नेछ ।

यसबाट ग्रामीण क्षेत्रमा दाउरा, गुइँठा र कृषिजन्य अवशेषहरूबाट पूरा गरिने ऊर्जा आवश्यकतालाई स्वच्छ ऊर्जा रूपान्तरणका दिशामा विद्युत्ले सहजै स्थान पाउन सहयोग पुऱ्याउनेछ र ग्रामीण महिलाहरूको जीवन कष्टकर हुनबाट जोगाउनेछ । यसलाई स्वच्छ ऊर्जा रूपान्तरणबाट महिलालाई दिलाउन सकिने लैंगिक न्यायका रूपमा लिन सकिन्छ किनकि ऊर्जाका लागि विशेषत: ग्रामीण महिलाहरूले ज्यादा पीडा भोगिरहेको अवस्था नै आजको वास्तविकता हो ।

यस्तो ऊर्जा उपभोगका लागि विशेषत: ग्रामीण महिलाहरूले दैनिकीकै रूपमा ठूलो शारीरिक परिश्रम गरिरहनुपरेको स्पष्ट देखिन्छ भने दाउरा तथा कृषि, पशुपालनबाट प्राप्त हुने अवशेषहरू बाल्दा निस्कने धुवाँले उनीहरू एवं बालबालिकाको स्वास्थ्यमा अत्यन्त नकारात्मक असर पारिरहेको छ ।

यो त विदितै छ कि हाम्रो समाजमा चुलोचौकाको जिम्मेवारी प्राय: महिलाहरूलाई नै बोकाउने गरिन्छ । अत: बायोमासको अत्यधिक प्रयोगलाई सिधै विद्युत्ले प्रतिस्थापन गर्न सकियो भने स्वच्छ ऊर्जा रूपान्तरणका साथै यसले सामाजिक रूपान्तरणका हिसाबले पनि अधिक महत्व राख्दछ । तर कतिपय अवस्थामा बायोमासबाट जीवाष्म इन्धन हुँदै विद्युतीय ऊर्जा उपभोगमा आइपुगेर ऊर्जा रूपान्तरण टुंगिने गर्दछ ।

नेपालको कुल जडित क्षमता ३ हजार २१० मेगावाट पुगेको छ । सञ्चालनमा नरहेका ५३ मेगावाट क्षमताका जीवाष्म इन्धनमा आधारित तापीय विद्युत् गृहहरू बाहेक बाँकी शतप्रतिशत विद्युत् नवीकरणीय ऊर्जा नै रहेका छन् । विद्युत् उत्पादनका दृष्टिकोणले नेपालमा कोइला वा ग्याँस वा अन्य जीवाष्म इन्धनमा आधारित विद्युत् गृहलाई प्रतिस्थापन गर्नुपर्ने वा हटाउनुपर्ने अवस्था छैन ।

सन् २०१५ को पेरिस सम्झौता र ग्ल्यास्गोमा सम्पन्न सन् २०२१ को सीओपी-२६ सम्मेलन पश्चात् विकसित तथा विकासशील देशहरूले वैश्विक तापमान वृद्धिलाई १.५ डिग्री सेल्सियस औसतमा सीमित गर्नका लागि आ-आफ्ना 'नेट जिरो इमिसन' का लक्ष्यहरू सहित विभिन्न गतिविधि सञ्चालन गरिरहेका छन् । नेपालले सन् २०४५ सम्ममा 'नेट जिरो इमिसन' को प्रतिबद्धता जाहेर गरेको छ भने ऊर्जा मिश्रणको ठूलो हिस्सा जीवाष्म इन्धन नै रहेको भारत जस्तो विशाल अर्थतन्त्रको देशले यो प्रतिबद्धता सन् २०७० मा हासिल गर्ने गरी अघि बढेको छ ।

भारतको नीति आयोगले उपलब्ध गर एको सार्वजनिक जानकारीलाई आधार मान्दा ३१ अगस्ट, २०२४ सम्ममा भारतको कुल विद्युत् जडित क्षमता ४ लाख ५१ हजार मेगावाट पुगेको छ र यसमध्ये जीवाष्म इन्धनमा आधारित जडित क्षमता करिब ५४ प्रतिशत रहेको छ । भारत सन् २०३० सम्ममा नवीकरणीय ऊर्जा ५०० मेगावाट अर्थात् ऊर्जा मिश्रणको करिब ६० प्रतिशत पुऱ्याउने लक्ष्यका साथ अघि बढिरहेको छ । उसले ३१ अगस्ट, २०२४ सम्म अद्यावधिक गरिएको तथ्यांक अनुसार नै सौर्य विद्युत् मात्र करिब ९० मेगावाट (ऊर्जा मिश्रणको करिब २० प्रतिशत) पुऱ्याइसकेको छ । सन् २०३० सम्म ३०० मेगावाट पुऱ्याइने लक्ष्य साथ 'एक सूर्य, एक विश्व, एक ग्रिड' भन्ने नारालाई मूर्त रूप दिने गरी नवीकरणीय ऊर्जाको साझा ग्रिड विकास गर्न भारतीय पहल सफलता उन्मुख भइरहेको देखिन्छ ।

त्यस्तै वायु ऊर्जाको हिस्सा भारतीय ऊर्जा मिश्रणमा १०.५ प्रतिशत रहेको र सौर्य ऊर्जा २० प्रतिशत पुगिसकेको परिप्रेक्ष्यमा अस्थिर विद्युत् उत्पादनको प्रकृतिले ग्रिडको स्थायित्वमा निम्त्याउने चुनौती भारतका लागि राष्ट्रिय चुनौती हो । यसलाई समाधान गर्न विद्युत् भण्डारणको प्रविधि विकास र स्थापनामा भारत उद्यत रहेको छ र सोका ब्याट्री जडान र पम्प स्टोरेज जलविद्युत् आयोजनाको विकास भारतको प्राथमिकतामा परेका छन् ।

स्वच्छ ऊर्जा रूपान्तरणका दिशामा भारत सरकारको अर्को महत्वपूर्ण पहल हो: राष्ट्रिय हरित हाइड्रोजन योजना । भारतमा सस्तो मूल्यमा नवीकरणीय ऊर्जा उत्पादन भइरहेको छ । इलेक्ट्रोलाइसिसबाट पानीको विच्छेदन गरी हरित हाइड्रोजन उत्पादन र त्यसका विभिन्न डेरिभेटिभहरू निर्माणबाट भारतको ऊर्जा सुरक्षामा योगदान पुऱ्याउन प्राथमिकता र प्रतिबद्धताका साथ कार्य भइरहेको छ । यस योजना अन्तर्गत भण्डारणका रूपमा हरित हाइड्रोजन प्रयोग गरी चौबीसै घण्टा १०० मेगावाट विद्युत् उत्पादन गर्ने पाइलट केसलाई अघि बढाइएको छ ।

नेपालले पनि हरित हाइड्रोजन नीति, २०८० जारी गरिसकेको छ । यो परिप्रेक्ष्यमा हरित हाइड्रोजन उत्पादनको प्रचुर सम्भावनालाई मूर्तरूप दिन आवश्यक कानून तथा नियमनहरू जारी गर्नुपर्छ । हरित हाइड्रोजन उत्पादन एवं एमोनिया, फर्टिलाइजर जस्ता डेरिभेटिभमा रूपान्तरण लगायत क्रियाकलापहरूलाई अघि बढाउनुपर्छ ।

सो सम्बन्धी अन्तर्राष्ट्रिय सहकार्य, खोज/अनुसन्धानका लागि कार्य गर्न हरित हाइड्रोजन विकास केन्द्र वा अहिले विद्यमान विद्युत् उत्पादन सम्बन्धी निकायमै भने पनि त्यस्तै अन्य कुनै नामको इकाई वा महाशाखा स्थापना गरेर सरकारले हरित हाइड्रोजन सम्बन्धी कार्यहरूको थालनी गर्न उपयुक्त हुनेछ । अन्यथा प्रकृतिले सबै थोक दिंदादिंदै पनि प्रविधिको उपयोगमा पछि पर्दा नेपालले अपेक्षित आर्थिक समृद्धि हासिल गर्न सक्ने छैन ।

उस्तै भूगोल, जलवायु र साझा संस्कृति भएका देशहरू पनि विकासप्रति नेतृत्वकर्ताहरूको साझा दृष्टिकोण र संकल्प, प्रविधिको समुचित उपयोग जस्ता विकासका अनिवार्य अवयवहरूलाई समावेश गर्दा वा नगर्दाका कारण ठूला आर्थिक असमानतामा रहेको भेटिन्छन् । यो हाम्रो देशको हकमा पनि लागू हुन्छ ।

ठूलो अर्थतन्त्र भएका कारण कोइलामा आधारित विद्युत् उत्पादन गृहहरूलाई एकैचोटि बन्द गर्न भारतलाई सम्भव छैन । परन्तु उता 'नेट जिरो इमिसन' को अन्तर्राष्ट्रिय प्रतिबद्धता जारी गरिसकेको र यता वायु प्रदूषणको प्रमुख कारक तत्वका रूपमा रहेको कोइला परिदहनबाट मानव स्वास्थ्यमा परिरहेको प्रतिकूल असरले भारतीय जनजीवन आक्रान्त छ ।

वायु प्रदूषणले मात्र भारतमा वर्षमा करिब २० लाख मानिसले ज्यान गुमाउने अनुमानित आँकडा सार्वजनिक भएको छ । यो सन्दर्भ नियाल्दा जीवाष्म इन्धनको बाहुल्यले ऊर्जा क्षेत्रलाई पिरोलिरहेको भारत जस्तो देशले मानवताको रक्षाका लागि पनि अब आफ्नो अन्तरदेशीय विद्युत् व्यापारको नीतिमा पुनरावलोकन गर्न तयार देखिन्छ । यो पृष्ठभूमिमा छिमेकी देशको जलविद्युत् भारतीय ऊर्जा मिश्रणमा संजीवनी सावित हुने वास्तविकतालाई भूराजनीतिक मामलासँग नगाँसी विना शर्त निर्बाध आयात गर्न सकिने सुनिश्चितता दिलाउन विलम्ब गर्नुहुँदैन ।

छिमेकी देशहरूमा उत्पादित जलविद्युत्लाई भारतको 'हाइड्रोपावर पर्चेज अब्लिगेसन' मा गणना नगरिने नीतिलाई भारत सरकारले २० अक्टोबर, २०२३ को सूचना मार्फत पथ परिवर्तन गर्दै त्यसलाई मान्यता प्रदान गरेबाट जलविद्युत् आयातमा भारत सरकार लचिलो हुँदै गएको आकलन गर्न सकिन्छ ।

त्यस्तै ३ अक्टोबर २०२४ मा काठमाडौंमा सम्पन्न भएको नेपाल, बंगलादेश र भारतबीचको त्रिपक्षीय विद्युत् व्यापार सम्झौता अनुसार निकट भविष्यमै नेपालले ४० मेगावाट जलविद्युत् भारतीय ग्रिड हुँदै बंगलादेश पुग्ने सुनिश्चित हुनुले पनि भारतको अन्तरदेशीय विद्युत् व्यापारमा लचकताका साथ आगामी दिनहरूमा प्रस्तुत हुँदै जाने चाहनालाई उजागर गरेको छ ।

क्षेत्रीय संगठन सार्कको उद्देश्य प्राप्तिका दिशामा परिकल्पना गरे बमोजिम अघि बढ्न नसकिए पनि 'बीबीआईएन' उपक्षेत्रीय तहमा र अन्तर-क्षेत्रीय संगठन 'बिमस्टेक' मार्फत बहुराष्ट्रिय विद्युत् व्यापारका लागि भारतीय अग्रसरताको अपेक्षा गर्न सकिने वातावरण बन्दै गएको देखिन्छ । स्वच्छ ऊर्जा रूपान्तरणका साथै दिगो विकास लक्ष्य (एसडीजी-७) हासिल गर्न पनि सदस्य देशहरूलाई यसले महत्वपूर्ण सहयोग पुऱ्याउने छ ।

कोइलामा आधारित ऊर्जा उत्पादन गर्ने पहिलो देश संयुक्त अधिराज्यले १ अक्टोबर २०२४ देखि पूर्ण रूपमा त्यसको अन्त्य गरिसकेको छ । यसले अहिले संसारभर जीवाष्म इन्धनलाई ऊर्जाका लागि उपभोग गर्ने कार्य निरुत्साहित गर्दै लैजान प्रेरित गरेको छ । हामी आशामा गरौं, दक्षिणएशियामा पनि यो लहर प्रगाढ रूपले आउनेछ र जलविद्युत् जस्तो हरित र नवीकरणीय ऊर्जालाई 'मानवताको लागि ऊर्जा' को उपमालेथप उपभोग्य एवं व्यापारयोग्य बनाउँदै नेपालको जलविद्युत् उत्पादन, प्रसारण र व्यापारले उच्च प्राथमिकता पाउने वातावरण निर्माण हुँदै जानेछ ।

*(साभार: अनलाइनखबर)*

# साँचो सुख र शान्ति

प्रेम रावत

यहाँ मैले चर्चा गरिरहेको विषय एकदमै सरल छ । तथापि, सबै मानिस यसबारेमा चर्चा गर्दैनन् । कसैले कुनै कथा भनिरहन्छन्, कोही कुनै विषयमा बोलिरहेका हुन्छन् तर म अन्य कुनै विषयमा नभएर तपाईंकै विषयमा कुरा गर्न चाहन्छु । किनभने, तपाईंको संसारमा सबैभन्दा महत्त्वपूर्ण व्यक्ति तपाईं नै हुनुहुन्छ । मानिसले सृष्टिकर्तालाई सबैभन्दा बढी आवश्यक ठान्छन् । तर, तपाईंले ती सृष्टिकर्तालाई चिन्नुभयो भने मात्रै उनी महत्त्वपूर्ण हुने हुन् । जसलाई तपाईं पहिचान गर्नुहुन्छ, जान्नुहुन्छ, मान्नुहुन्छ यदि उनलाई स्वीकार गर्नुभएन, चिन्नुभएन भने तपाईंको दुनियाँमा उनी आवश्यक हुँदैनन् ।

तपाईंको जीवनमा आफूले आफूलाई चिन्नु आवश्यक छ भन्ने कुरालाई के तपाईंले बुझ्नुभएको छ ! तपाईंहरूले सुकरातको नाम सुन्नुभएको होला । ग्रिसको डेल्फीबाट यो भनाइ निस्कियो- आफूले आफूलाई चिन्नुहोस् । त्यसपछि सुकरातले मानिसहरूसमक्ष भने आफूलाई चिन्नुहोस्, बुझ्नुहोस् । यही कुरालाई कबीर दासजीले पनि भनेका छन् । आत्मज्ञानको अर्थ आफूले आफूलाई चिन्नु भन्ने हुन्छ । हामी हरेक चीजलाई 'ऊ को हो, ऊ के हो' भनेर चिन्ने कोशिश गरिरहन्छौं तर कहिल्यै 'म के हुँ' भनेर हेर्दैनौं ।

दुईवटा कुरा छन्- एक, तपाईंको जन्म भयो अनि अर्को यदि तपाईंको जन्म नभएको भए तपाईं यहाँ हुनुहुने थिएन । यदि तपाईंको जन्म भइसकेको छ भने एक दिन तपाईंले यो संसारबाट जानुपर्नेछ भन्ने कुरा पनि निश्चित छ । तर, कसैले पनि यस्तो होओस् भन्ने चाहना राख्दैन । यसका लागि मानिसहरू ठूला-ठूला कार्य गर्छन् । मानिसहरू कुद्छन्, हिँड्छन्, व्यवस्थित तरिकाले खान्छन्, तौल घटाउने कोशिश गर्छन् । किनभने, हामी सबैमा बाँचिरहने चाहना हुन्छ त्यसैले हामी कहिल्यै पनि हाम्रो मृत्यु नहोओस् भन्ने चाहना राख्छौं । अब कुरा के हो भने तपाईं के हुनुहुन्छ ! तपाईं कुन-कुन पदार्थहरूबाट बन्नुभएको छ ? अक्सिजन, हाइड्रोजन, कार्बन, क्यालिसयम, नाइट्रोजन, फोस्फोरस- यी चीजबाट तपाईं बन्नुभएको छ । तपाईं ७० प्रतिशत पानी हुनुहुन्छ । पानी हिँड्छ, पानी बोल्छ अनि के यो चमत्कार होइन ? यो सबैभन्दा ठूलो चमत्कार हो तर तपाईं यसलाई चमत्कार ठान्नुहुन्न । यो पृथ्वी ७० प्रतिशत पानी हो । तपाईं ७० प्रतिशत पानी हुनुहुन्छ । तपाईंमा बाहिरतिर हेरेर के भइरहेको छ भन्ने प्रवृत्ति छ ! मेरो चाहना त तपाईंले भित्रतिर के भइरहेको छ भन्ने कुरालाई हेर्नुहोस् । तपाईं जुन चीजद्वारा बन्नुभएको छ नि बाहिरका सबै कुराहरू तिनै चीजबाट बनेका छन् ।

तपाईंले नै आफ्नो जीवन चलाउनुपर्छ अनि यो समय तपाईंका लागि प्राप्त भएको छ । यदि तपाईंले आफ्नो जीवनलाई यही जीवनको आनन्दले भर्नुभयो भने यो आनन्दको आनन्द तपाईंले नै लिनुहुन्छ, अरू कसैले होइन । यो तपाईंभित्र आइरहेको अनि गइरहेको श्वास तपाईंको श्वास हो । यसभित्र विराजमान आनन्द पनि तपाईंकै आनन्द हो । आफूले आफूलाई नै चिन्नुभएन भने केही जान्नु वा केही पनि नजान्नु एउटै हो । अनि, जबसम्म तपाईंभित्र आफूले आफूलाई जान्ने तिर्खा लाग्दैन नि तबसम्म तपाईंको जीवन पूरा हुनेछैन ।

एउटा कथा छ-

एकदमै घनघोर जङ्गलमा एउटा भयानक सिंहले राज्य गर्थ्यो । ऊ हरेक दिन कुनै सोचविचार नगरी आफूखुसी हिँडडुल गर्थ्यो अनि जनावरहरूलाई मारेर खान्थ्यो । सबै जनावरहरू ऊसँग एकदमै हैरान भइसकेका थिए । एक दिन सबै जनावरले ऊकहाँ गएर प्रार्थना गर्न थाले- हजुर, तपाईं यसो नगरिदिनुहोस् । हामी यहाँ भएका सबै जङ्गलवासीहरूमध्येबाट हरेक दिन समयमा नै एउटा जनावर यहाँ आउनेछौं । त्यसपछि हजुरले खाएर आफ्नो भोक मेटाउनुहोला । तपाईंले यताउता गएर जनावरलाई मार्नु आवश्यक छैन ।

सिंहले सोच्यो, कुरा त ठिक्कै हो । मैले यताउता जानै परेन भने त्यो पनि राम्रै कुरा हो । घरैमा मेरो खाना प्राप्त हुने भयो । सिंहले त्यो कुरा मान्यो । यस्तै हुँदाहुँदै एउटा सानो खरायोको पालो आयो तर त्यो खरायो निकै चलाख थियो । ऊ हिँड्न लागेपछि उसकी आमा रुन थाली, 'आज तेरो पालो हो, आज तैंले जानुपर्नेछ ।'

उसले भन्यो, 'तपाईं किन चिन्ता लिनुहुन्छ ! त्यो सिंह ठूलो भए पनि दिमागी कुरामा मूर्ख छ । म चलाख छु । म कुरा मिलाउँछु, तपाईं चिन्ता नलिनुहोस् ।'

खरायो एकदमै ढिलो गरेर सिंहकहाँ पुग्यो । सिंह गर्जियो, 'किन यति ढिलो गरिस् । मलाई भोक लागेको छ । म धेरैबेरदेखि तेरो प्रतीक्षामा छु ।'

खरायोले भन्यो, 'यहाँ आउँदै थिएँ । मैले जङ्गलका भगवान्लाई भेटेँ । उनी त्यहाँ उभिएका थिए । म उनीसँग कुरा गर्न थालेँ त्यसैले ढिलो भयो ।'

सिंहले सोध्यो, 'के भने त उनले ?'

खरायो भन्छ, 'भगवान्ले त यो जङ्गलमा मैले राजा बनाएको सिंहलाई अब म हटाउँछु अनि आजदेखि मैले तिमीलाई नै जङ्गलको राजा बनाइदिएको छु भनेर भने ।'

सिंह सोचमग्न भयो । कसरी यस्तो हुन्छ र, राजा त म हुँ । सिंहले भन्यो, 'यस्तो कुरा भएको हो भन्ने कुराको तँसँग के प्रमाण छ ?'

खरायोले भन्यो, 'म प्रमाण दिन्छु । तिमी मेरो पछिपछि आऊ अनि हेर- म जनावरका लागि कति शक्तिशाली लाग्नेछु । मलाई त्यहाँ देख्नासाथ उनीहरू भाग्नेछन् ।'

सिंहले आफ्नो टाउको कन्याएर भन्यो, 'ल ठिक्कै छ ।'

अघिअघि खरायो अनि पछिपछि सिंह हिँडिरहेका छन् । साँच्चै नै जता हेरे पनि सबै जनावरहरू कोही यता, कोही उता भाग्दै गरेको देखिन्थ्यो । सिंहले पनि सोच्यो- साँच्चै नै पो यसलाई राजा बनाइदिएका रहेछन् । यो त एकदमै शक्तिशाली रहेछ । हेर त ! यी जनावरहरू कसरी भागिरहेका छन् । उसले खरायोलाई देखेरै भागिरहेका छन् भनेर सोच्यो । उसलाई खरायोलाई देखेर होइन, मलाई देखेर भागिरहेका छन् भन्ने कुराको ज्ञान भएन ।

यो कथाको सन्देश के हो ? आफूले आफूलाई चिन्नुहोस् । किनभने, सिंहले आफूले आफूलाई चिन्दैनथ्यो । उसले खरायोले जे-जे भन्यो त्यही कुरालाई मान्यो । हाम्रा वेदशास्त्रहरूले पनि के भनेका छन् भने, तपाईंले आफ्नो जीवनमा जो तपाईंको हृदयमा बसेका छन्, उनलाई चिनेका दिन सबै कुरालाई चिन्नुहुनेछ । आत्मज्ञानसम्बन्धी विद्या नै सबैभन्दा श्रेष्ठ विद्या हो । सबै विद्यामध्येको उत्कृष्ट हो । तर, आफूले आफूलाई नचिन्ने मान्छेले 'म यहाँ किन आएको छु' भन्ने कुरालाई बुझ्न सक्दैन !

मानिसले यो संसारमा जति पनि कार्य गर्दछ, उसले आफ्नो सुख-शान्तिका निम्ति गर्दछ । उसका धारणा हुन्छन्- यदि मैले यस्तो कुरालाई हासिल गरेँ या मलाई यस्तो कुरा प्राप्त भयो भने यसबाट मेरो जीवनमा सुख आउनेछ, जीवनमा शान्ति प्राप्त हुनेछ । सारा संसारका मानिसहरू यही कुराका लागि यताउता दौडिरहेका छन् । कोही छोरा होस् भन्ने चाहनाका पछि दौडिन्छन्, कोही आफ्नो व्यवसायका पछि दौडिन्छन् । कोही कुनै कुराका पछि त कोही कुनै कुराका पछि दौडिरहन्छन् । मानिसले जे-जे गरिरहेको छ, त्यो आफ्नो सुख-शान्तिका लागि गरिरहेको छ । ऊभित्र जुन सुख-शान्तिको चाहना छ, जुन इच्छा छ, त्यो कहाँबाट आयो ? त्यो इच्छालाई कसले उत्पन्न गरायो ? यो कुरा हामीले आफ्नो जिन्दगीमा सिकेका हौं कि प्राकृतिक रूपमा पहिलेदेखि नै छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# राजधानी नजिकको सुन्दर गन्तव्य रुवी भ्याली



जीवन अनुभवहरूको सँगालो हो र अनुभव लगावबाट पैदा हुन्छ । यात्रा क्रियाशीलताको महनीय पक्ष हो । नेपालीको यात्रानुभवहरू विश्वका धेरै देशका नागरिकहरूको तुलनामा केही पछाडि नै रहेको मानिन्छ तर हाम्रा पूर्वज ऋषि-मनीषी, साधु-सन्त, साधक-तपस्वीहरू यात्रालाई ज्ञानको स्रोत मान्दथे र उच्च हिमालयदेखि गङ्गासम्म निरन्तर उत्तिष्ठत-जाग्रतको भावमा निरन्तर यात्रारत रहन्थे ।

गृहस्थ समय र मौसम आएपछि तपश्चर्या र यात्राको हाम्रो वैश्विक परम्परा खुम्चियो तर आजभोलि नेपालीहरूको यात्राक्रम निकै बढेको छ ।यात्राका लागि नयाँ-नयाँ गन्तव्यहरू पनि विकास भइआएको छ । नयाँ र संसारले देख्न, घुम्न र अनुभव गर्न बाँकी गन्तव्य रुवी भ्याली हो ।

नेपालमा दशैं पश्चात् पहाडी र हिमाली क्षेत्रको पैदल यात्राको लागि मौसम सुरु भएको मानिन्छ । सुन्दर शरद ऋतु, खुलेका हिमाल, रोकिएको वर्षाले यात्रा प्रारम्भको सङ्केत गर्दछ । यात्राले मात्र उज्यालो हुँदैन, तन पनि उज्यालिन्छ । त्यसैले अहिले कम्तीमा वर्षको एक पटक भए पनि बहुदिने पदयात्रामा जाने क्रम बढिरहेको छ ।

**रुवी भ्यालीका अनेका रूप र रङ**

धेरैले नाम सुनेको तर अधिकांश व्यक्ति नपुगेको रुवी भ्यालीको अनेक रूप र रङ रहेछन् । यो उपत्यका मात्र होइन, एउटा गाउँपालिका पनि हो ।

धादिङका १३ पालिकामध्ये सबैभन्दा उत्तरमा चीनसँग सीमा जोडिएको साबिकको लापा, तिप्लिङ र सेर्तुङ गाविसको नयाँ रूप रुवी भ्याली गाउँपालिका हो । यसको क्षेत्रफल ४०१.८५ वर्ग किमी रहेको छ ।

हामी नामबाट नै सहज अन्दाज गर्न सक्छौं कि महत्त्वपूर्ण पत्थर रुवी पाइने उपत्यका समेत हुनाले यसको नाम रुवी भ्याली रहेको हो । रुवी यहाँ सहज पाइन्छ र असहज किसिमले लुकीछिपी बिक्री-वितरण भइरहेको छ, व्यवस्थित उत्खनन् हुनसकेको छैन ।

बुढापाकाका अनुसार यहाँ प्रशस्त रुवी पाइन्थ्यो तर अव्यवस्थित उत्खनन्, चोरी निकासीको कारण रुवी सीमित व्यक्तिको हातमा मात्र पुग्यो । यो न राज्यको हातमा न स्थानीय गरिब जनताको हातमा ।

रुवीको अलावा कुनै दिन चलतीमा रहेको यहाँको फलाम, जस्ता र सिसाको खानी आज बन्द छ । अहिले पनि तपाईं त्यहाँ भ्रमण गर्ने क्रममा बाटोमा हिंडिरहेको बेला कुनै महत्त्वपूर्ण पत्थर पाउन सक्नुहुन्छ । क्वार्ज र क्रिस्टल त सहजै पाउनुहुन्छ । यसको लागि कुनै मिहिनेत गर्नुपर्दैन । यदि पत्थर पनि तपाईंको रुचि हो भने अध्ययनको लागि पनि एक महत्त्वपूर्ण गन्तव्य हुन सक्छ ।

हातमा सुनको कचौरा बोकेर मागिहिंड्ने भने जस्तै भएको छ यो क्षेत्र । जैविक विविधताले धनी यो उपत्यका वनविज्ञान, वनस्पति र प्राणीशास्त्रका अध्येताको लागि बृहद् विद्यालय हो । महत्त्वपूर्ण जडीबुटीको उपलब्धता मात्र होइन वन विज्ञानमा पढाइने तर अनुभूति गर्न नसकिएको प्रिस्टाइन र भर्जिन फरेस्टको आंशिक रूप भए पनि तपाईं यहाँ देख्न सक्नुहुन्छ ।

ठिङ्गेसल्लाको बाहुल्य भएको यो जङ्गलमा यत्रतत्र देखिने लालीगुराँसका विभिन्न प्रजाति र रङ्गीन बुकीले हामीलाई अवश्य पुलकित बनाउनेछ ।झारल, नाउर, रेडपाण्डा, कस्तूरी, डाँफे, चितुवा, हिमचितुवा लगायत महत्त्वपूर्ण लोपोन्मुख जनावरका प्रजाति यहाँ पाइन्छ ।

यहाँका पाटनमा देखिने हरियाली र ती हरित पाटनमा फुल्ने रङ्गीविरङ्गी फूलले तपाईंको मन अवश्य हर्नेछ । एक पाटनदेखि अर्को पाटनसम्म टिङटिङ घण्टीको मधुर सङ्गीत बजाउँदै चर्दै हिंडेका चौंरीका बथानले तपाईंलाई स्वर्गीय आनन्दको अनुभूति दिनेछ ।

यात्राको क्रममा आमाको पर्खाइमा गोठ नजिकका चौरमा घाम ताप्दै बसेका चौंरीका बाच्छासँग तपाईंको पक्कै कतै न कतै जम्काभेट हुनेछ । यी साना सुन्दर बच्चासँग एकछिन बसेर व्यतीत गर्ने समय तपाईंका लागि निश्चय पनि अद्भुत हुनेछ । बाटोमा तपाईंलाई भेडाका बथानले स्वागत गर्नेछ । चाँदीका लहर झैं उभिएर तपाईंलाई हेरेर नै हाँसेका जस्ता एक होइन अनेक हिमशृंखला सहज ढङ्गले देख्न र अनुभूत गर्न सक्नुहुन्छ ।

एकै स्थानबाट एक दर्जन हाराहारीको हिमशृंखलाको दर्शनले तपाईंलाई पक्कै रोमाञ्चित बनाउनेछ । धौलागिरि, अन्नपूर्ण, मनास्लु, गणेश हिमाल, लामटाङ लगायतको शृंखला यो यात्राको क्रममा तपाईं सहज भेट्नुहुनेछ ।

हामी यदि समाजशास्त्र, मानवशास्त्रमा पनि रुचि राख्छौं भने यहाँका ठूलाठूला तामाङ बस्तीको जनजीवन, संस्कृति अध्ययनको लागि यो स्थान उर्वर छ । तामाङ कल्चरल हेरिटेज ट्रेलले छुने यो स्थानका तिप्लिङ, सेर्तुङ, बोराङ, लापा, चालिसे (चालिस), हिम्दुङ, पुरु, लिङ्जो लगायत गाउँका तामाङ, घलेको अध्ययनको लागि महत्त्वपूर्ण स्रोत हुन्छ ।

देशका विभिन्न दुर्गम र गरिब बस्तीमा जस्तै यहाँ पनि कसरी परम्परागत रूपमा बौद्ध धर्ममा विश्वास गर्ने तामाङ समुदाय क्रमश: क्रिश्चियनमा रूपान्तरण भएका विषय, पर्व, मेला, म्हेन्दोमाया, दोरा, घोडा नाच, झाँक्री नाच, म्हाने, तान्त्रिक महाङ्काल जात्रा, घाटु नाच लगायत अन्य विषय पनि यहाँ पर्यटनका आकर्षण हुनसक्छन् ।

टोलपिच्छे गाउँका चर्च, गुम्बा र मानेले तपाईंलाई अवश्य आकर्षण गर्नेछन् । यहाँका भेडा र चौंरीपालनमा नै आफ्नो जीवन र भविष्य खोज्दै भौंतारिरहेका गोठाला र गोठहरू तपाईं यात्राको क्रममा भेट्नुहुनेछ र उहाँहरूको कुरा पनि तपाईंको रुचिको विषय हुनसक्छ । त्यति मात्र नभई देशभरि नै परम्परागत कृषि घटिरहेको अवस्थामा यतिको दुर्गम स्थानमा समेत सघन कृषि, लहलह गर्ने चक्रीय बालीले तपाईंलाई सम्मोहित गराउनेछ ।

**सहज, सरल र किफायती गन्तव्य**

रुवी भ्याली ट्रेक राजधानीबाट नजिक र किफायती हिमाली गन्तव्य हो । पाङ्साङ्ग पास (३,८४० मिटर) नै यहाँको सबैभन्दा उच्च स्थानको पास (घाँटी) हो र यदि हामीसँग ३-४ दिनको समय मात्र छ भने पनि यो यात्रा सहज ढङ्गले पूरा गर्न सक्छौं । काठमाडौं उपत्यका र धादिङबेसीबाट गर्न सकिने यो अत्यन्त नजिकको सहज, सरल र किफायती यात्रा हो ।

यति मात्र होइन यदि तपाईं हिंड्न सक्नुहुन्न वा सके पनि हिंड्न चाहनुहुन्न तर हिमाली भेगलाई नजिकबाट आत्मसात् गर्न चाहनुहुन्छ, केही दिन भए पनि धुवाँ-धुलो र प्रदूषणबाट उन्मुक्ति चाहनुहुन्छ र अघाउन्जेल हिमाली शृंखलाको दर्शन गर्न चाहनुहुन्छ भने तपाईंले रुवी भ्यालीको यात्रा तालिका आजै बनाउँदा हुन्छ । हिंड्न नसक्ने वा नचाहनेले फोरह्विल गाडी मार्फत पनि सहज ढङ्गले यो यात्रा गर्न सक्नुहुनेछ । यो पङ्क्तिकारको पाङ्साङ्ग पासको तीन पटक र रुवी भ्यालीको चार पटकको यात्राको अनुभवको आधारमा सिफारिस हो ।

**कसरी पुग्ने ?**

यहाँ पुग्न मुख्य गरी दुई वटा बाटोको प्रयोग गरिन्छ । एउटा बाटो रसुवाको स्याफ्रुबेसी हुँदै आफ्नो अनुकूल अनुसार गाडी वा पैदल मार्ग हुँदै धादिङबेसी निस्कने र अर्को बाटो धादिङबेसीबाट बोराङ, सेर्तुङ, तिप्लिङहुँदै स्याफ्रुबेसी निस्कने ।

यीमध्ये हाम्रो अनुभवमा रसुवाको स्याफ्रुबेसीदेखि यात्राको सुरुवात गरेर विभिन्न स्थानको अवलोकन गर्दै धादिङबेसी निस्कने बाटो सहज छ ।

रुवी भ्यालीको सीमित क्षेत्रको अलावा गणेश हिमाल बेसक्याम्प, गणेश कुण्ड, कालो दह, सेतो दह आदि जस्ता अत्यन्त महत्वपूर्ण गन्तव्यको पनि यात्रा गर्न चाहन्छौं भने छुट्टै तालिका चाहिन्छ ।

**पहिलो दिन : काठमाडौंदेखि स्याफ्रुबेसी हुँदै गत्लाङ (ब्ल्याक भिलेज)**

बिहान काठमाडौंबाट अनुकूलता र सहभागीको संख्या अनुसार निजी फोरह्विल गाडीमा वा भाडाको नियमित रुटमा चल्ने बसबाट स्याफ्रुबेसी पुग्न सकिन्छ । स्याफ्रुबेसीबाट गत्लाङसम्म नियमित बस पनि चल्छ तर निजी गाडी प्रयोग गर्नुभएमा ठाउँठाउँमा रोक्दै हेर्दै फोटो खिच्दै स्थानविशेषको अनुभव लिन सक्नुहुन्छ ।

तपाईं पहिलो दिन साँझसम्म सहज ढङ्गले गत्लाङ पुग्नुहुनेछ । गत्लाङसम्म गाडीको यात्रा नै हामी सिफारिस गर्दछौं । बाटोमा तपाईं चिलिमे गाउँ र चिलिमे जलविद्युत् परियोजनाको ताल देख्न सक्नुहुनेछ ।

गत्लाङ तामाङ बहुल गाउँ हो । यदि तपाईंले इन्टरनेटमा ब्ल्याक भिलेज इन नेपाल (कालो गाउँ) भनेर खोज्नुभयो भने त्यहाँ गत्लाङको फोटो आउँछ । यसको मतलब गत्लाङको अर्को नाम ब्ल्याक भिलेज पनि हो ।

सदियौंदेखि यहाँका सबैजसो घरको छानो ठिङ्गेसल्लाको काठको फलेकले छाउने गरिन्थ्यो । घर छाएको केही समयभित्र नै हावापानीले यी काठका फलेक क्रमश: कालो हुने र डाँडाबाट हेर्दा सबै घरको छानो कालो देखिने हुनाले यो गाउँको नाम नै कालो गाउँ रहन गयो । २०७२ सालको भूकम्पपछि यहाँका धेरै घर भत्किए र त्यसपछि यी घरका छाना कालोबाट क्रमश: सेतो वा नीलो (जस्ता) मा परिणत भए । तर अझै पनि यहाँका केही घरमा कालो छाना नै छन् ।

बेलुका तपाईं गत्लाङ गाउँ वा त्यो गाउँभन्दा थोरै माथिको पार्वती कुण्ड (२,६१३ मिटर) मा बस्न सक्नुहुनेछ । यहाँ साना-साना होटल र होमस्टे निकै छन्, तपाईंलाई स्थानीय परिकार सहितको आतिथ्य सहज ढङ्गले प्राप्त हुन्छ ।

**दोस्रो दिन : गत्लाङदेखि सोमदाङ**

गत्लाङमा अनिवार्य हेर्नुपर्नेमा धार्मिक महत्त्वले भरिपूर्ण आमा छोदिङमा (पार्वती कुण्ड), स्थानीय गुम्बा, लेकाली खेती प्रणाली र पार्वती कुण्ड भन्दा १० मिनेटको दूरीमा रहेको दुग्ध संस्थानको याकको दूध सङ्कलन र चिज फ्याक्ट्री हो ।

दोस्रो दिन बिहान उठेर यी स्थानको भ्रमण गर्ने आदि गर्न सक्नुहुन्छ । बिहान अलिक चाँडै खाना खाएर अब हाम्रो दोस्रो दिनको यात्रा सुरु हुन्छ । गाडीमा नै जान सके पनि पदयात्राको असली स्वाद लिन यहाँबाट पैदल यात्राको सिफारिस गर्दछौं ।

बाटो सरल छ, अल्मलिने छैन, अलमलिएमा स्थानीय गोठालालाई सोध्न सक्नुहुन्छ । करिब एक घन्टाको हिंडाइपछि नेपाली सेनाको एउटा क्याम्प देख्नुहुनेछ र त्यो गेट नाघेर हिंडेपछि अनेक प्रकारका वन, वनस्पति, वन्यजन्तुसँग साक्षात्कार हुँदै हामी ब्ल्याक फरेस्टमा पस्नेछौं ।

यहाँको ब्ल्याक फरेस्ट भनेको कुनै प्रजातिको जंगल होइन, वन डढेलोले ध्वस्त बनेको कालो ठुटा मात्र रहेको जंगल हो जुन दृश्य हेरेपछि तपाईंको मन अमिलो हुनेछ । करिब २० वर्ष अगाडि पुगनपुग ३०० हेक्टरको ठिङ्गेसल्लाको वनमा लागेको भीषण डढेलोले यो वन सखाप भएको देख्नुहुनेछ ।

तपाईं यदि सञ्चारकर्मी, अर्थशास्त्री वा वन वातावरणकर्मी हो भने हाम्रो वन व्यवस्थापनको पाटो, हाम्रो हविगत, वनबाट नै समृद्धि ल्याउने हाम्रा भाषण, दिगो हो कि वैज्ञानिक वन व्यवस्थापन भन्ने बहस र सिङ्गापुर वा मलेसियाका काठ एकछिन सम्झनुहुनेछ ।

यो जङ्गल काटेपछि तपाईं साना-ठूला पाटन र ती पाटनमा चरिरहेका चौंरी, भेडाको हुल हेर्दै अगाडि बढ्नुहुनेछ । मोटर बाटो अलिक लामो हुनसक्छ तसर्थ बीच-बीचमा मान्छे हिंड्ने छोटो बाटो प्रस्ट देखिन्छन् ।

छोटो बाटोबाट हिंड्दै जाँदा ३,७५० मिटरको उचाइमा रहेको खुर्पू भन्ज्याङ पुगेपछि तपाईंलाई आफू निकै माथि आइपुगें कि भन्ने अनुभूति हुन्छ । एकछिन त्यहाँ आराम गरेर उत्तरपूर्वको ओरालो झरेर सिधै अगाडि बढेपछि पुन: मूलबाटो भेट्नुहुनेछ । त्यो बाटोमा करिब १ घन्टाको सहज तेर्सो हिंडेपछि अर्को दिनको गन्तव्य सोमदाङ (३,२७० मिटर) पुग्नु हुनेछ ।

सोमदाङको सानो खोलाको पुल तरेपछि अब तपाईं धादिङको सिमानामा प्रवेश गर्नुहुन्छ । यहाँ तपाईंले लामो समयदेखि परित्यक्त अवस्थामा रहेको नेपाल मेटल कम्पनी लिमिटेड (गणेश हिमाल जस्ता सिसा परियोजना) स्टोर र थोत्रा घरहरू देख्नुहुनेछ ।

तपाईंसँग समय छ र रुचि जागेमा खानी भएको स्थानमा स्थानीय व्यक्तिको सहयोगमा जान सक्नुहुनेछ । यहाँ सानो बस्ती छ, केही होटल छन् । योभन्दा अगाडि कुनै वासस्थान नभएकोले अर्को बसाइँ यहीं गर्नुपर्दछ । यहाँ केही सूचनाका बोर्ड र पालिकाको नगर प्रहरीको टोली तपाईंको सेवामा तयार छ ।

**तेस्रो दिन : सोमदाङदेखि लाब्दुङ वा तिप्लिङ**

तेस्रो दिनको यात्रा आरम्भ बिहानै खाजा खाएर सुरु हुन्छ । आज छोटो दूरीमा अलिक ठाडो उकालो छ । उकालोको टुप्पोमा भन्ज्याङ पुग्ने बाटो देखिन्छ । तपाईं मनमोहक फरक-फरक प्रजातिको जंगल र नर्चेतको हरिया पाटन, भेडीगोठ हेर्दै पाङ्साङ्ग पास पुग्नुहुनेछ । यहाँ पुगेपछि तपाईंको यात्राको एउटा महत्त्वपूर्ण उपलब्धि पूरा हुनेछ ।

यहाँ देख्नुहुनेछ दिव्य र स्वर्गीय पाङ्साग पास । शरद वा वसन्त ऋतुमा गलैंचा बिछ्याए जस्तै फूलै-फूलको भूगोल देखिनेछ । जहाँबाट संसारकै उच्च भूस्वर्गको अनुभव गर्नुहुनेछ । भञ्ज्याङमा एउटा होटल पनि छ, त्यसले खाजा खाना अर्डर अनुसार तयार गरि दिन्छ तर सधैं नखुल्ने हुनाले फोन गरेर सम्पर्क गरी पहिल्यै अर्डर गर्नुपर्छ ।

यो अत्यन्त सुन्दर स्थान हो, यहाँ पाङ्साङ्गगेट र पाङ्साङ्ग भ्यू प्वाइन्ट (३,९०० मिटर) बाट हिमशृंखला दृश्यावलोकन गर्ने सबैभन्दा सुविधाजनक स्थान छ ।

यहाँबाट तपाईंले अन्नपूर्ण र धौलागिरि रेन्जदेखि मनास्लु, पाबिल, गणेश १, २, ३, पाल्दोर पिक, लामटाङ शृंखला र तिब्बतमा पर्ने सिसापाङ्गमा हिमाल देख्न सक्नुहुनेछ । कहिलेकाहीं अकस्मात् बिगार्ने मौसमले धोका नदिएमा तपाईं यसको लागि भाग्यमानी ठहर्नुहुन्छ ।

यसको लागि सोमदाङबाट चाँडै हिंड्न सकेमा हिमशृंखला राम्रो देखिने हुन्छ । यदि तपाईंसँग समय छ भने २-३ घन्टाको दूरीमा सिङ्गला पास (४,१०० मिटर) पुग्नुहुन्छ र त्यहाँबाट करिब ४ घण्टामा सेर्तुङ वा तिप्लिङ पनि झर्न सक्नुहुनेछ तर यो पूर्णतया जङ्गलको बाटो हुनाले एकजना स्थानीय पथप्रदर्शक लिएर मात्र हिंड्नुपर्छ ।

क्रमश: तल झर्दै गर्दा गाउँ अझ प्रस्ट देखिंदै जान्छ । करिब ३-४ घण्टामा यहाँको पहिलो तामाङ गाउँ लाब्दुङ जहाँ होमस्टे छन् तपाईं आजको रात यही गाउँमा वा अलिक हिंड्ने हो भने तिप्लिङ पुग्न सक्नुहुनेछ । यहाँको गाउँको परिवेश हेरेर, स्थानीयसँग कुरा गरेर तपाईंको तेस्रो रात यहाँ बित्नेछ । जहाँ तामाङ संस्कृति र परम्परा अनुसारको मिथक र संस्कृतिका इन्द्रेनी अनुभव गर्न सक्नुहुनेछ ।

**चौथो दिन : अबको यात्रा आफ्नो रुचि अनुसार**

पाङसाङ पास पछि आउने तिप्लिङ झरेपछि आफ्नो अनुकूलता, रुचि र आवश्यकता मुताबिक यात्रा गर्न सकिन्छ । तिप्लिङबाट करिब २ घण्टाको पैदल यात्रामा तपाईं सहज ढंगले सेर्तुङ (पालिकाको कार्यालय) पुग्न सक्नुहुन्छ ।

त्यसको करिब आधा घण्टामा घले र गुरुङ बाहुल्य चालिसे गाउँ पुग्न सक्नुहुनेछ र चालिसेबाट करिब ३ घण्टाको पैदल यात्रामा रुवी भ्याली ४ पेन्तिसिया तातोपानी कुण्डमा स्नान गर्न सकिन्छ ।

यो पनि एक आकर्षक गन्तव्य हो तर तपाईं सोही दिन धादिङबेसी फर्कन चाहनुभयो भने बोराङबाट सार्वजनिक जीप पाइन्छन् । जीपबाट करिब ५ घण्टामा धादिङबेसी पुग्न सक्नुहुनेछ ।

एक दिन थप सेर्तुङ, तिप्लिङ, चालिसे, लापा वा बोराङमा बसेर थकाइ मार्ने, त्यहाँको जनजीवनलाई नजिकबाट अनुभूत गर्न पनि सकिन्छ । सेर्तुङ, तिप्लिङ वा लाब्दुङसम्म नै गाडी चल्ने हुनाले गाडी मगाएर फर्कन पनि सक्नुहुन्छ ।

असोजदेखि मङ्सिर र चैतदेखि असार मसान्तसम्म यहाँको यात्रा उत्तम हुनेछ । तर यदि तपाईं केही हिउँको पनि थप मज्जा लिन चाहनुहुन्छ भने माघ वा फागुन वा हिमपात भएपछि पनि जान सक्नुहुनेछ किनकि यो स्थानको सबैभन्दा उचाइमा रहेको ३८४० मिटरको पाङसाङ पास यतिबेला पूर्ण हिमच्छादित हुनेछ ।

**लैजानुपर्ने सामान**

रुवी भ्याली यात्राका लागि नियमित ट्रेकिङमा जाने जस्तै जुत्ता, झोला आदि आवश्यक पर्दछ । बाटोमा खाने र बस्ने सुविधा भएकोले टेन्ट वा अधिक खाना, खाजा बोक्नुपर्दैन । यात्रालाई अर्गानिक बनाउन जंक फुड, मदिराजन्य पदार्थ र धूमपानजन्य वस्तु नभएकै यात्रा अर्गानिक र राम्रो हुनेछ ।

नजिकको तीर्थ हेलाँ भने जस्तै यस्तो सहज र उत्कृष्ट गन्तव्य प्रचारप्रसारको अभाव र नेतृत्व गर्ने निकायको अभावमा निकै पछि परेको छ । रुवी भ्याली यात्रा बागमती प्रदेशकै उत्कृष्ट गन्तव्य बन्न सक्छ । त्यसैले यहाँका राजनीतिकर्मी, सञ्चारकर्मी, उद्यमी, विद्यार्थी, कर्मचारीहरूले यसको सन्दर्भमा अल्पकालीन र दीर्घकालीन रणनीति तथा योजनाहरू निर्माण गर्नु आवश्यक छ ।

यहाँका पालिका र प्रदेशले घुमन्तेहरूलाई केही सुविधाका प्याकेज पनि उपलब्ध गराउन आवश्यक छ । आशा गरौं यो आवश्यकता पनि समयले पूरा गर्नेछ । अहिलेलाई हामी सबै रुवी भ्याली यात्राका लागि तयारी गरौं जुन माटो हाम्रो सुस्वागतका लागि पर्खिरहेको छ ।

*(स्रोत: अनलाइनखबर)*

# नेपाली फिल्म 'पूजा, सर'को कार्यकारी निर्मातामा जोडिए अनुराग



काठमाडौं/विश्व प्रतिष्ठित फेस्टिभलहरु चहारिरहेको दीपक रौनियार निर्देशित फिल्म 'पूजा, सर'लाई लिएर एउटा महत्त्वपूर्ण खबर बाहिरिएको छ । फिल्मको कार्यकारी निर्मातामा बलिउड निर्देशक अनुराग कश्यप जोडिएका छन् । हलिउड म्यागजिन भेराइटीले यसबारेमा समाचार प्रकाशन गर्दै च्यानल फोरले यूके र आयरल्यान्डका लागि फिल्मको राइट्स खरिद गरेको पनि जनाएको छ ।

अनुराग बलिउडका सफल निर्देशक मानिन्छन् । 'ग्याङ्स अफ वासेपुर'बाट निर्देशनमा आफूलाई स्थापित गरेका उनी कलाकार पनि हुन् । उनले 'एके भर्सेस एके', 'भूतनाथ रिटर्न्स', 'अकिरा' जस्ता फिल्ममा काम गरेका छन् । उनी अभिनीत पछिल्लो फिल्म 'महाराजा' निकै चर्चित रह्यो । गत भदौमा उनी नेपाली फिल्म 'शाम्बाला'को प्रिमियरमा सहभागी हुन काठमाडौं पनि आएका थिए ।

'पूजा, सर' यस वर्ष (२०२४)को सुरुवातमा भेनिस फिल्म फेस्टिभलमा छनोट भएर प्रदर्शन भएको थियो । त्यहाँ उपस्थित दर्शकले फिल्मलाई १० मिनेटको 'स्ट्यान्डिङ ओभेसन' दिएका थिए । यसपछि मुम्बई फिल्म फेस्टिभल, बुसान जस्ता प्रतिष्ठित फेस्टिभलमा पनि फिल्म प्रदर्शन भइसकेको छ । फिल्मको नेपाल प्रदर्शन मिति भने घोषणा गरिएको छैन ।

स्विट्जरल्यान्ड, जर्मनी र अस्ट्रिया जस्ता देशमा पनि बिक्री भइसकेको 'पूजा, सर' सत्य घटनाबाट प्रेरित रहेको जनाइएको छ । फिल्मले नेपाल र भारतको सीमावर्ती शहरमा अपहरणमा परेका दुई बालकलाई मुक्त गराउन प्रहरीले चालेको खोजी अप्रेसनको कथा उठाएको छ ।

आशा मगरतीको शीर्ष भूमिका रहेको फिल्ममा दयाहाङ राई, निकिता चाण्डक, ऋचा शर्मा, विजय बराल, गौमाया गुरुङ, आरती मण्डल, घनश्याम मिश्र, पशुपति राई, पुष्पा यादव लगायतको पनि अभिनय छ । फिल्मको निर्माण आदि फिल्म्सका लागि दीपक रौनियार र आशा मगराती, बासुरी फिल्म्सका लागि रामबाबु गुरुङ र ट्यानहौसर गेटका लागि एलन आर. मिलिगनले गरेका हुन् ।

*(स्रोत: फिल्मीखबर)*

# हलिउड प्रतिबन्धबीच रुसमा भारतीय फिल्म प्रदर्शन गर्न दिने पुटिनको तयारी



युक्रेनमाथि आक्रमण गरेयता रुसमाथि हलिउड र ठूला फेस्टिभलले प्रतिबन्ध लगाएको स्थिती छ । यस्तोमा, रुसले आफ्नो मनोरञ्जन बजारलाई चलायमान बनाउन भारतीय फिल्मलाई प्रवर्धन गर्नेतर्फ चासो देखाएको छ ।

रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले भारतीय फिल्मलाई रुसमा वितरण गर्न दिनेबारे छलफल चाँडै सुरु हुने बताएका छन् । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग रुसमा भारतीय फिल्मको प्रवर्धनको लागि सहकार्य गर्न उत्सुकता व्यक्त गर्दै पुटिनले भारतीय फिल्मको लोकप्रियताबारे चर्चा गरे ।

कजानमा हुन लागेको ब्रिक्स शिखर सम्मेलनअघि बोल्दै पुटिनले रुसमा विदेशी फिल्ममध्ये भारतीय सिनेमालाई 'सबैभन्दा लोकप्रिय' भनेर प्रशंसा गरे ।

उनले भारतसँग रुसको सांस्कृतिक सम्बन्धमा जोड दिए । भारतीय फिल्मलाई रुसको एक टेलिभिजन च्यानलमा चौबिसै घण्टा देशब्यापी प्रसारण गरिने पनि पुटिनले बताए ।

आफ्नो सरकारी निवासमा भएको अन्तरक्रियामा पुटिनले भारतीय फिल्म निर्मातालाई रुसमा छायांकन गर्न प्रोत्साहन गर्ने सम्भावना रहेको संकेत गरे । यस्तो सांस्कृतिक पहलका लागि प्रधानमन्त्री मोदीसँग थप छलफल हुने उनले बताए ।

रुसी नेताले ब्रिक्स फिल्म फेस्टिभलको बारेमा पनि चर्चा गरे । मस्को अन्तर्राष्ट्रिय फिल्म फेस्टिभलले ब्रिक्स राष्ट्रहरूका फिल्महरू प्रदर्शन गर्न थालेको उल्लेख गर्दै उनले सिनेमा र औषधि निर्माणमा भारतसँग सहकार्य गर्न रुसको उत्साहलाई जोड दिए ।

पुटिनको यस्तो अभिव्यक्ति अक्टोबर २२-२३ मा हुने १६ औं ब्रिक्स शिखर सम्मेलन अघि आएको छ, जहाँ दुई नेताहरूले भेट्ने अपेक्षा गरिएको छ ।

# 'स्पाइडरम्यान'को नयाँ श्रृंखला आउने पक्का



काठमाडौं/हलिउड सुपरहिरो फिल्म 'स्पाइडरम्यान'को नयाँ श्रृंखलालाई लिएर विश्वभर प्रतीक्षा भैरहँदा यसबारे नयाँ अपडेट छ । अभिनेता टम हल्याण्डले फिल्मको स्क्रिप्ट पढ्न सुरु गरेका छन् ।

यसको अर्थ, नयाँ सिक्वेलमा पनि हल्याण्ड देखिने निश्चित छ । आगामी श्रृंखला हल्याण्डको चौंथो स्पाइडरम्यान फिल्म हुनेछ । भेराइटी म्यागजिनले अभिनेत्री जेन्डायासँग मिलेर टमले स्क्रिप्ट पढिरहेको समाचार लेखेको छ ।

'रिच रोल पडकास्ट' लाई अन्तर्वार्ता दिंदै हल्याण्डले आफूले आगामी फिल्मको स्क्रिप्टको ड्राफ्ट पढेको बताएका हुन् । 'अझै काम गर्नुपर्ने जरुरी छ । लेखकले निकै राम्रो काम गरिरहेका छन्' उनले भने ।

यसअघि 'साङ् ची एन्ड द लिजेन्ड अफ द टेन रिङ्स' फेम्ड निर्देशक डेस्टिन डेनियल क्रेटनले स्पाइडरम्यानको आगामी श्रृंखलालाई निर्देशन गर्ने खुलासा यसअघि नै भैसकेको छ । अभिनेता हल्याण्डले अभिनय गरेका अघिल्ला तीन फिल्मलाई जोन वाट्सले निर्देशन गरेका थिए ।

'एउटा कुरा यो हो कि, मार्वलसँग फिल्म गर्नु भनेको ठूलो मेसिनमा सानो पेचकस राख्नु हो' स्पाइडरम्यान ५ को विकासबारे हल्याण्डले भने, 'त्यो मेसिन चलिरहनु पर्छ । सहि समयमा सहि फाइदा लिने कुरामा तपाईंले निश्चित गर्नुपर्छ । यो हामीले सामना गरिरहेका चुनौतीमध्ये एक हो ।'

उनले स्क्रिप्टलाई उत्कृष्ट भएको बताए । 'हामीसँग जुन ड्राफ्ट छ त्यो निकै उत्कृष्ट छ । यसमाथि अझै काम गर्न जरुरी छ । लेखकले निकै राम्रो काम गरिरहेका छन् । मैले यसलाई तीन साताअघि पढेको थिएँ र यसले मभित्र ऊर्जा भर्‍यो । जेन्डाया र बसेर यसलाई पढ्थ्यौं । यो वास्तविक फिल्म हो जुन प्रशंसकमाझ सम्मानको हकदार छ ।'

हल्याण्डले यसअघि सन् २०१७ को फिल्म 'स्पाइरम्यान : होम कमिङ', सन् २०१९ को 'स्पाइडरम्यान : फार फ्रम होम' र सन् २०२१ मा 'स्पाइडरम्यान : नो वे होम'मा काम गरिसकेका छन् । उनले मार्वलको ब्लकबस्टर फिल्म 'एभेन्जर्स एण्डगेम'मा पनि अभिनय गरेका छन् । मार्वल सिनेम्याटिक युनिभर्समा जेन्डायले एमजे नामक रोलमा अभिनय गरेकी छन् ।

**के तपाईं फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रूपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*



**मनहरीमा रोटेपिङ** : मनहरी बजारमा पछिल्लो समय हराउँदै गएको परम्परागत रोटेपिङ स्थापना गरियो । दशैंको अबसरमा मनहरी गाउँपालिका-७ स्थित मनकामना मन्दिर परिसरमा रोटेपिङ खडा गरिएको हो । मनकामना सनातन धर्म संरक्षण संस्थाले बडादशैंलाई लक्षित गरी काठको रोटेपिङ १० दिनभन्दा बढी समय लगाएर बनाएको हो । पिङ दशैं अबधिभरै खुल्ला राखिएको थियो । रोटे पिङमा महिला, बालबालिकाहरु बढी झुम्मिएका देखिन्थे । रोटेपिङसहित लिंगे पिङ र बालबालिकाहरुलाई लक्षित अन्य साना २ वटा पिङ पनि रुखका हाँगाहरुमा हालिएका छन् । *तस्बिर: साझाकुरा ।*

# मोबाइलबाटै अस्पतालको टिकट बुकिङ गर्न सकिने

साझाकुरा संवाददाता

हेटौंडा, ३ कात्तिक/ हेटौंडा अस्पतालले बिरामीको उपचारमा सहजता ल्याउन मोबाइल मार्फत टिकट बुकिङ सेवा सुरु गरेको छ । अब बिरामीले लामो लाइन बसेर टोकन लिनुपर्ने र टिकट काट्नुपर्ने झन्झटबाट मुक्ती पाएका छन् ।

अस्पतालले यो सेवा कार्तिक १ गतेदेखि लागू गरेको हो । अस्पतालले नगद वा स्वास्थ्य बिमा दुवै प्रणालीबाट टिकट बुक गर्न सकिने व्यवस्था गरेको अस्पताल व्यवस्थापन समिति सदस्य उत्सव चौलागाईले जानकारी दिए । अस्पतालको नयाँ प्रणालीअनुसार बिरामीले मोबाइल एपमार्फत कुनै पनि विभागमा जाँचका लागि सजिलै टिकट लिन सक्नेछन् । पुराना बिरामीले अस्पतालको आईडी प्रयोग गरेर पुन: जाँच गराउन सक्नेछन् भने नयाँ बिरामीले आृनो व्यक्तिगत विवरण भरेर टिकट बुक गर्न सक्नेछन् ।




साथै, परिवारका अन्य सदस्यका लागि पनि यस एपमार्फत टिकट लिन सकिनेछ । अस्पतालका अनुसार जाँच गर्नुपर्ने मिति भन्दा अघिल्लो रात १२ बजेभित्रै टिकट बुक गर्नुपर्नेछ । यो सेवाले अस्पतालमा आउने बिरामीलाई लामो लाइनमा बस्नुपर्ने समस्याबाट मुक्त गराउने विश्वास गरिएको छ । बिरामीले एपमार्फत ल्याब रिपोर्ट पनि सजिलै हेर्न र डाउनलोड गर्न सक्नेछन् ।

मोबाइलबाट टिकट बुक गर्न बिरामीले पहिले अस्पतालको आधिकारिक वेबसाइटमा गएर एप डाउनलोड गर्नुपर्छ । त्यसपछि, आफ्नो मोबाइल नम्बर राखेर दर्ता गर्नुपर्नेछ । दर्ता गरेपछि बिरामीले कुन विभागमा जाँच गराउने, कुन चिकित्सक छनोट गर्ने र कुन मितिमा जाँच गर्नुपर्ने हो भन्ने जानकारी भरेर टिकट बुक गर्न सकिन्छ । एक पटक टिकट बुक गरेपछि बिरामीले अस्पतालमा उपस्थित भइ काउन्टरबाट कार्ड लिनुपर्नेछ ।

# लुम्बिनी प्रदेशमा कांग्रेसका कारण मन्त्रिपरिषदले पूर्णता पाउन सकेन




बुटवल, ३ कात्तिक/ लुम्बिनी प्रदेशमा नेपाली कांग्रेसभित्र मन्त्री छान्ने विषयमा विवाद हुँदा सरकार गठन भएको करिब तीन महिना पुग्दासमेत मन्त्रिपरिषद्ले पूर्णता पाउन सकेको छैन ।

मन्त्रिपरिषदले पूर्णता नपाउँदा मुख्यमन्त्री चेतनारायण आचार्यले चार वटा मन्त्रालयको भारी बोकिरहेका छन् । उनले आन्तरिक मामिला तथा कानुन मन्त्रालय, सामाजिक विकास मन्त्रालय, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय र वन तथा वातावरण मन्त्रालयको जिम्मेवारी आफैँसँग राखेका छन् ।

ती चार मन्त्रालयमध्ये दुई वटामा कांग्रेसबाट र बाँकी दुई वटामा साना दलबाट मन्त्री नियुक्त गर्ने तयारी छ ।

१२ सदस्यीय लुम्बिनी सरकारमा एमालेले ५, कांग्रेसले ५ र बाँकी मन्त्रालय साना दलले पाउने सहमति भएको थियो । त्यही सहमतिअनुसार गत साउन ७ मा मुख्यमन्त्रीमा एमालेका चेतनारायण आचार्य नियुक्त भएका थिए । साउन ९ मा उनले एमालेबाट ४ र कांग्रेसबाट ४ मन्त्री नियुक्त गरेका थिए । तर, नेपाली कांग्रेसको तर्फबाट वन तथा वातावरण मन्त्रीमा नियुक्त बादशाह कुर्मीले राजीनामा दिएपछि सरकारमा अहिले कांग्रेसका ३ मन्त्रीमात्र छन् । बाँके ३ (२) बाट निर्वाचित कुर्मी बाँकेकी निर्मला कुर्मीको शङ्कास्पद मृत्यु र सम्पत्ति हिनामिना प्रकरणका मुख्य आरोपित हुन् । चौतर्फी दबाब र विरोधपछि उनले गत भदौ २५ मा पदबाट राजीनामा दिएका थिए ।

सरकारले गठन भएको झन्डै तीन महिना पुग्नलाग्दा पनि सरकारलाई पूर्णता दिन नसक्नु र मुख्यमन्त्रीकै जिम्मेवारीमा चार वटा मन्त्रालय राख्दा सरकारको काममा असर पर्ने माओवादी लुम्बिनी प्रदेश अध्यक्ष सुदर्शन बरालले संचारकर्मीलाई बताए ।

उनले सरकार विस्तारमा भएको ढिलाइले सरकारका काम प्रभावकारी नदेखिएको स्वीकार गरे । मुख्यमन्त्रीले धेरै मन्त्रालय राख्दा मन्त्रालयलको काममा पनि स्वावाभिक रूपमा धेरथोर असर पर्ने मन्त्रालयका कर्मचारीहरू बताउँछन् ।

लुम्बिनी प्रदेशको वन मन्त्रालयका सचिव मोहनराज काफ्लेले निर्णय तहमा ठुलो असर नपरे पनि विभागीय मन्त्री नहुँदा सेवाग्राही धेरै नआउने बताए । वन मन्त्रालयमा मन्त्री खाली भएको लामो समय नभएको भन्दै उनले निर्णय र निर्देशनका सम्बन्धमा मुख्यमन्त्रीले समय मिलाएर काम गरिरहेकाले अप्ठ्यारो नभएको प्रस्ट पारे ।

**कांग्रेसमा लामो समयदेखि कचकच**

लुम्बिनी प्रदेशमा एमाले र नेपाली कांग्रेसका मन्त्रीहरूलाई एकै पटक शपथ ग्रहण गराउने योजना भए पनि अन्तिम समय आन्तरिक विवादले गर्दा कांग्रेसको कोटाबाट एक मन्त्री नियुक्त हुन सकेका थिएनन् । शपथ ग्रहणको अन्तिम तयारी भइरहँदा नेपाली कांग्रेसका प्रमुख सचेतक जन्मजय तिमिल्सिनालाई मन्त्री बन्नबाट रोकिएको थियो ।

त्यही बेला नेपाली कांग्रेस लुम्बिनी प्रदेश सभापति अमर पुनले मन्त्री छनोट गर्दा एकलौटी निर्णय गरेको भन्दै पार्टी नेतृत्वको चर्को विरोध गरे । यता शपथ ग्रहण गर्ने बेला आफूलाई रोकिएपछि रिसाएका जन्मजय तिमिल्सिनाले पनि प्रमुख सचेतक पदबाट राजीनामा दिए ।

यस्तै महिलाको प्रतिनिधित्व नभएको भन्दै सचेतक निमा गिरीले पनि राजीनामा दिएकी छन् । प्रमुख सचेतक पदमा हालै रुपन्देहीकी जमुना ढकाललाई नियुक्त गरिएको छ । शेरबहादुर देउवा पक्ष र शेखर कोइराला पक्षको रूपमा चिनिएका सांसदहरू मन्त्री बन्न आ-आफ्नो गुट समात्दै अगाडि बढेका छन् । अहिले मन्त्री बनेका धनेन्द्र कार्की र सरोज थापा देउवा पक्षका हुन् भने प्रचण्ड विक्रम न्यौपाने कोइराला पक्षका हुन् ।

कांग्रेसभित्र मन्त्री बन्न धेरै आकांक्षी हुनका साथै दुई गुट हुँदा मन्त्री छान्न सकस भएको हो ।

लुम्बिनी प्रदेशमा नेपाली कांग्रेसबाट प्रत्यक्ष १७ र समानुपातिकमा १० गरी २७ जना सांसद छन् । कांग्रेस प्रदेश सभा सदस्य निमा गिरीले ९ जना महिला सांसद रहेकाले मन्त्रीमा महिलाको प्रतिनिधित्व अनिवार्य गराउनुपर्ने आफ्नो अडान कायमै रहेको बताइन् ।

नेपाली कांग्रेस संसदीय दलका नेता डिल्ली बहादुर चौधरीले नेपाली कांग्रेसबाट दुई जना सांसदलाई मन्त्री बनाउने अन्तिम तयारी भएको बताए । उनले केही दिनमै सरकार विस्तार हुने प्रस्ट पारे ।

**साना दललाई सम्बोधन गर्दै**

लुम्बिनी प्रदेश सरकारका प्रवक्ता एवं कृषि भूमि तथा सहकारीमन्त्री दिनेश पन्थीले साना दलहरू र नेपाली कांग्रेसलाई समेटेर सरकारलाई पूर्णता दिने बताए । सोही अनुसार मुख्यमन्त्रीले तयारी गरिरहेको उनको भनाइ छ ।

सरकार गठनकै बेला सरकारलाई समर्थन गरेका साना दलमध्ये २ वटा दललाई मन्त्री दिने र अन्य दुई वटा दललाई अर्को चरणको सरकार विस्तारमा लैजाने गरी छलफल भएको उनले खुलाए ।

लुम्बिनी प्रदेशका एक मन्त्रीका अनुसार सुरुको चरणमा जसपा र नागरिक उन्मुक्ति पार्टीलाई मन्त्री दिने गरी छलफल अगाडि बढेको छ । उनका अनुसार अर्को चरणमा लोसपा र जनमत पार्टीलाई लैजाने योजना छ ।

कांग्रेस र एमालेबिच आलोपालो सरकारको नेतृत्व गर्ने समझदारी भए अनुसार साना चार दलमध्ये दुई वटालाई अहिले र बाँकी दुई दललाई अर्को चरणमा सरकारमा सामेल गर्ने समझदारी भएको बताइएको छ ।

लुम्बिनी प्रदेशमा जसपा (अशोक राई) पक्षका का २, लोसपाका ३ सांसद छन् । यस्तै नागरिक उन्मुक्ति पार्टीका ४ र जनमत पार्टीका ३ सांसद छन् ।

जनमत पार्टी संसदीय दलका नेता सीके गुप्ताले साना चार दलमध्ये अहिले कसलाई सरकारमा लैजाने भन्नेबारे ठुला दलहरूबाट स्पष्ट मार्गचित्र अझैसम्म नआएको संचारकर्मीलाई बताए ।

*(स्रोत: रातोपाटी)*

# 'ट्रायल पास' गरेपछि 'लाइसेन्स कार्ड' आवश्यक पर्दैन : प्रम ओली

काठमाडौं, ३ कात्तिक/ प्रधानमन्त्री केपी शर्मा ओलीले सवारी चालक अनुमतिका लागि 'ट्रायल पास' गरेपछि 'लाइसेन्स कार्ड' आवश्यक नपर्ने व्यवस्था गरिएको बताएका छन् ।

सामाजिक सञ्जालमा शनिवार उनले 'पोष्ट' गरेको सामग्रीमा नागरिक 'एप' मार्फत सम्बन्धित व्यक्तिको मोबाइलमा लाइसेन्स उपलब्ध हुने उल्लेख गरे । सवारी नियम उल्लैनमा ट्राफिक प्रहरीले चिट काट्दा सम्बन्धित ठाउँमै 'डिजिटल पेमेन्ट' गर्ने व्यवस्था पनि सरकारले गरेको छ ।

"यसले सवारी लाइसेन्स छपाइ नहुँदा परेको समस्या अन्त्य भएको छ भने सवारी नियम उल्लैनमा जरिवाना तिर्दा हुने झन्झट हटेको छ, कात्तिक ४ गते आइतबारदेखि बागमती प्रदेश यातायात व्यवस्था कार्यालयबाट परीक्षणका रुपमा यो व्यवस्था सुरु हुनेछ", सामाजिक सञ्जालबाट सार्वजनिक गगरिएको सन्देशमा प्रधानमन्त्री ओलीले भने ।

नागरिक एपमा अरू सेवा पनि थप्ने तयारी सरकारले गरेको छ । कुनै पनि कामका लागि लाममा बस्नुपर्ने समस्याबाट मुक्त गर्ने तयारीमा सरकार लागेको उनले बताए । नागरिकलाई छिटो सेवा प्रवाहमा यसबाट सहयोग पुग्ने आशा गरिएको प्रधानमन्त्री ओलीको भनाइ छ ।

# एकीकृत समाजवादीको एउटा समूह एमालेमा जान सक्छ : नेता मिश्र

काठमाडौं, ३ कात्तिक/ नेकपा एकीकृत समाजवादीका नेता वंशीधर मिश्रले पार्टीको एउटा समूह एमालेमा जाने सम्भावना रहेको बताएका छन् । संचारकर्मीसँगको कुराकानीमा उनले सकेसम्म पार्टी एकता गर्ने र त्यो सम्भव नभए शीर्ष नेताहरुबाहेक अरु एमालेमा जाने सम्भावना रहेको बताएका हुन् ।

'निराश साथीहरुले अलग पार्टी बनाउनेतिर नजालान् भन्नसक्ने अवस्था छैन । जान सक्छन् । टप लेभलमा कुरा मिलेको छैन पार्टी एकताका लागि । हामी पर्ख र हेरमा छौं', मिश्रले भने, 'सकेसम्म सिंगो पार्टी नै एकीकरण गर्ने प्रयास गर्ने । यदि त्यो सम्भव भएन भने शीर्ष नेताहरु बाहेक हामी एमालेमा जाने सम्भावना नजिक छ ।'

उनले एकीकृत समाजवादीले विद्रोहको औचित्य पुष्टि गर्न नसकेको बताए । 'हामी जुन कारणले फुटेको हो त्यो कारणलाई हल गरेर यो पार्टी एकीकरण गर्नुपर्छ', मिश्रले भने ।

पार्टीमा दशौं महाधिवेशनले उत्साह दिन्छ भन्ने आशा भए पनि त्यो हुन नसकेको उनले बताए । "पुराना, इमान्दार र कर्मठ मान्छेहरु पोलिटब्यूरोमा पनि आएनन् । पदाधिकारीमा पनि त्यस्तै दुर्घटना भयो । एकचोटी मात्रै केन्द्रीय कमिटीमा आएको मान्छे एकैचोटी उपमहासचिव भए । दुई चोटी भएका कोही उपाध्यक्ष भए । पुराना मान्छे हेरेको हेरेकै भए । यसले व्यापक असन्तुष्टि ल्याएको छ', उनले भने ।

मिश्रले अब पार्टी न एकीकरण हुन्छ न अगाडि बढ्छ यसको औचित्य छैन भन्ने ठानेर पार्टी फुटाउनुपर्छ भन्ने धारणा कतिपय नेताहरुमा आएको बताए ।

# बुटवलमा २ महिनामा कर्णालीको ५ करोडको स्याउ बिक्री



बुटवल, ३ कात्तिक/ बुटवलमा दुई महिनामै कर्णाली प्रदेशका जुम्लासहित विभिन्न जिल्लामा उत्पादन भएको स्याउमध्ये करिब पाँच लाख केजी (५०० टन) स्याउ बिक्री भएको छ ।

कर्णालीको जुम्ला, कालीकोट, डोल्पा, मुगु , हुम्ला लगायत जिल्लामा उत्पादन भएको अर्गानिक स्याउ भदौदेखि असोजसम्म सुर्खेत हुँदै बुटवल भित्रिने गर्छ ।

दुई महिनाको अवधिमै पाँच लाख केजी स्याउ बिक्रुरी हुँदा पाँच करोड रुपैयाँको बराबरको कारोबार भएको १४ वर्षदेखि जुम्लाको स्याउ बिक्री गर्दै आएका बुटवलको आशिक फ्रुट सेन्टरका सञ्चालक कलाधर पन्थीले बताए ।

बुटवलमा आधा दर्जन व्यवसायीले कर्णालीको स्याउ बेच्ने गरेका पन्थीले बताए । 'कर्णालीको स्याउ गत वर्षभन्दा दोब्बर बढी बिक्री भयो,' पन्थीले भने, 'आफ्नै देशको उत्पादन, मूल्य पनि सस्तो, गुणस्तर र स्वाद पनि राम्रो भएकाले उपभोक्ताले स्वदेशी स्याउलाई माया गरेका छन् ।'

यो सिजनमा मात्रै पन्थीले ५५ लाखको कर्णालीको स्याउ बेचेको बताए । स्वदेशी स्याउको उत्पादन र खपत बढ्दै जाँदा भारतीय र चीनबाट आयात हुने स्याको बिक्री ह्वात्तै घटेको पन्थी बताउँछन् ।

'नेपाली उपभोक्तामा पाएसम्म आफ्नै देशको स्याउ खानुपर्छ भन्ने राष्ट्रियताको भावनाको विकास भएको छ, यो ज्यादै राम्रो हो,'पन्थीले भने, 'स्वदेशी स्याउ सहजै उपलब्ध भएपछि भारतीय र चिनियाँ स्याउको माग र खपत दुवै घटेको छ ।'

कर्णालीको स्याउको पहिलो ठूलो बजार सुर्खेत र दोस्रो बुटवल भएको सुर्खेतमा रहेका कर्णालीको स्याउको थोक व्यापारी प्रबल शाहीले बताए ।

कर्णालीमा उत्पादन हुने स्याउलाई बजारको समस्या नभएको तर बजार व्यवस्थापनमा सरकारको चासो र ध्यान नगएको शाहीले गुनासो गरे ।


शाहीका अनुसार जुम्लाको चार हजार १२० हेक्टर क्षेत्रफलमा स्याउ खेती हुँदा १८ हजार मेट्रिक टन स्याउ फलेको अनुमान छ । उत्पादन भएकोमध्ये आधा हिस्सा कम्तीमा ५५ रुपैयाँका दरले जिल्ला बाहिर निर्यात हुँदा जुम्लालाई करिब ५० करोड आम्दानी भएको उनले बताए ।

सरकारले स्याउ खेतीलाई प्राथमिकतामा राखेर प्रोत्साहनमूलक नीति र कार्यक्रम लागू गरी सिंगो कर्णाली प्रदेश, सुदूर पश्चिमका केही र गण्डकीको मुस्ताङसहितका केही जिल्लालाई 'स्याउ हब' बनाउने हो भने अहिलेको उत्पादन दोब्बर गरी सिंगो देशलाई ६ महिनासम्म पुग्ने स्याउ नेपालमै उत्पादन गर्न सकिने शाही बताउंछन् ।

'अहिलेको उत्पादनले नेपाली बजारलाई तीन महिनालाई मात्र धानेको छ, सरकारले प्रोत्साहन गर्ने हो भने अहिलेको दोब्बर क्षेत्रफलमा स्याउ खेती गरी उत्पादन पनि दोब्बर लिन सकिन्छ,' शाहीले भने, 'उत्पादन बढाई चिस्यान केन्द्रमा राख्ने हो भने नेपालको कूल स्याउ बजारको ६ महिनालाई नेपाली उत्पादनले धान्ने सम्भावना र अवसर छ ।'

अहिलेसम्म किसान र केही व्यवसायीले आफ्नो हिसाबले स्याउ खेती गरिरहेका तर सरकारको ठोस भूमिका नभएको शाहीले औंल्याए ।

*(स्रोत: अनलाइनखबर)*

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?
अब निराश नहुनुहोस्...
हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।
हाम्रा विशेषताहरु:
☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल
के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र
हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
जनस्वास्थ्य कार्यालय, मकवानपुर
हेटौंडा, नेपाल
बालबालिकाका लागि भिटामिन ए र जुकाको औषधी खुवाउनेबारे सूचना !
बालबालिकाहरुका लागि हरेक वर्ष राष्ट्रिय 'भिटामिन ए' खुवाउने कार्यक्रम अनुसार यही २०८१ कार्तिक ०२ र ०३ गते सञ्चालन हुने भएको छ । उक्त कार्यक्रममा नजिकैको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका मार्फत ६ महिनादेखि ५९ महिना उमेर समूहसम्मको बालबालिकाहरुलाई भिटामिन ए र १ वर्षदेखि ५ वर्ष उमेर सम्मका बालबालिकालाई जुकाको औषधी खुवाऔं । याद गरौं यही कार्तिक ०२ र ०३ गते ६ महिनादेखि ५९ महिना सम्मका बालबालिकालाई भिटामिन र १ देखि ५ वर्षसम्मका बालबालिकालाई जुकाको औषधी खुवाइँदैछ । उक्त कार्यक्रममा नजिकैको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका वा स्वास्थ्य संस्थामा सम्पर्क गरी आफ्नो बालिकालिकालाई भिटामिन र जुकाको औषधी खुवाऔं ।
जनस्वास्थ्य कार्यालय, मकवानपुर

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना